(१)

५

आरतियार दुरुपयोग अनुसन्धान आयोगको

पाँचौं वार्षिक प्रतिवेदन

०५१।५२

आरतियार दुरुपयोग अनुसन्धान आयोग
२०१७
पुस्तकालय



अख्तियार दुरुपयोग अनुसन्धान आयोग

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरबार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०५१।०५२ (२०५१ श्रावण १ गते देखि २०५२ आषाढ मसान्त सम्मको) पाँचौं वार्षिक प्रतिवेदन चढाएका छौं ।
सरकार, जो हुकुम ।

सेवकहरू,

(राम प्रसाद श्रेष्ठ)
आयुक्त

(राधारमण उपाध्याय)
प्रमुख आयुक्त

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पाँचौं वार्षिक प्रतिवेदन

२०५१-०५२

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५२

विषय-सूची

सि. नं.	विषय	पृष्ठ संख्या
१.	प्रस्तावना	१
२.	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन	१
३.	आयोगको काम, कर्तव्य र अधिकार	१
४.	आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्था	३
५.	आयोगको कार्य संचालन र बैठक	४
६.	आयोग र महाशाखाबीचको सम्पर्क	५
७.	भ्रष्टाचार र अनुचित कार्यमा परेका उजूरीको प्रारम्भिक अनुसन्धान भइरहेको मन्त्रालयगत संख्या	६
८.	हालसम्म अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात भइरहेका विषयको संक्षिप्त विवरण	८-१४
९.	अदालत समक्ष मुद्दा दायर भएका विवरण	१४
१०.	प्रचलित कानूनमा सुधार गर्न र अन्य विषयमा दिइएका सुझावहरू	१४-२२
११.	आयोगबाट अनुसन्धान भई अख्तियारवालासमक्ष र अन्य निकायबाटै कारवाई हुन लेखिपठाएको विवरण	२२-२४
१२.	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट	२५-४३
१३.	उपसंहार	४३-४६
१४.	अनुसूचीहरू	
	(१) आयोगको प्रशासनिक संगठन तालिका	
	(२) आ.व. २०५१।०५२ को बजेट व्यवस्था	
	(३) आ.व. ०५१।०५२ को निवेदन लगत, फछ्यौंट र बांकी विवरण	

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

पाँचौं वार्षिक प्रतिवेदन

२०५१।०५२

१. प्रस्तावना :

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तरगत व्यवस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियार दुरुपयोग गरेको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरूको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ (६) बमोजिम प्रस्तुत गरेको छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन :

नेपाल अधिराज्यको संविधान २०४७ को भाग १२ बमोजिम गठन भएको यस आयोगको गठन विधि निम्नानुसार रहेको छ :

१. श्री राधारमण उपाध्याय, प्रमुख आयुक्त २०४७।१०।२८ मा नियुक्त भई मिति २०५१।१०।५ देखि प्रमुख आयुक्त ।

२. श्री राम प्रसाद श्रेष्ठ, आयुक्त २०४८।१२।१४ मा नियुक्त ।

सचिव

श्री सुदर्शन बहादुर सिंह - २०५१।७।२३ सम्म,

श्री सुशीलकान्त झा - २०५१।११।१८ सम्म (का.मु. सचिव)

श्री पुण्यप्रसाद दाहाल - २०५१।११।१९ देखि ।

३. आयोगको काम, कर्तव्य र अधिकार :

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ र सोही धाराको उपधारा (४) बमोजिम व्यवस्था भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ एवं त्यसको नियमावलीमा भएका प्रावधान बमोजिम सम्पादित हुन्छन् । संविधान एवं कानून बमोजिम

आयोगमा मूलत: निम्न प्रकृतिका काम कारवाईहरू पर्दछन् ।

(क) सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

(ख) माथि (क) बमोजिम अनुसन्धान तहकिकात गर्दा अनुचित कार्य गरी अख्तियारीको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कार वाईका लागि अख्तियारवालासमक्ष लेखी पठाउने ।

(ग) माथि (क) बमोजिम अनुसन्धान गर्दा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरूउपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको प्रशासनिक संयन्त्रमा सार्वजनिक पद धारण गरेका व्यक्तिबाट हुन सक्ने अख्तियारको दुरुपयोगलाई यथासमय उपयुक्त कारवाई गरी सचेत गराउने लगायतको प्रयोजनको लागि संवैधानिक निकायको रूपमा आयोगको स्थापना गरी उल्लेखित अधिकार र कर्तव्यको व्यवस्था गरेको छ । संविधानद्वारा व्यवस्थित र वर्णित कार्यहरूको कार्यान्वयन कानूनद्वारा निर्देशित प्रकृया बमोजिम गरिने संविधानकै मूल भावना भएकोले आयोगले आफ्ना अख्तियारीहरूको प्रयोग र पालना कानूनमा वर्णित व्यवस्थाको अधिनमा रही सम्पन्न गर्नु पर्ने हुन्छ । सार्वजनिक पद धारण गरेका व्यक्ति भन्नाले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधन दफा २ (घ) ले सोही ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्तिहरूमा सीमित गरेको हुंदा आयोगले आफ्नो अधिकारको प्रयोग गरी कर्तव्य पालना पनि सोही कानूनी सीमाभित्र रही गर्नु पर्ने कानूनी व्यवस्था हुन आयो ।

आयोगसमक्ष परेका उजूरीमध्ये माथि उल्लेखित क्षेत्राधिकारलाई ध्यान दिई कानून एवं नियमद्वारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरू गरिन्छ । जसमा परेका उजूरीउपर छानवीन अनुसन्धान र तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन, त्यसमा निहित प्रामाणिक तथ्य र तथ्यलाई खम्बिर गर्ने आधार प्रमाणको संकलन प्रारम्भिक कार्य भित्र पर्दछ । प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदनको व्यहोरा सत्यको नजिक पाइएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान तहकिकात गर्ने कार्यविधि अवलम्बन गर्दै आएको छ ।

अनुसन्धान अधिकृत नियुक्त भएको कुनै पनि विवादमा निज अधिकृतले प्रचलित कानू

बमोजिम विवादसग सम्बद्ध प्रमाणको संकलन गर्ने, तत्सम्बन्धि कागजात झिकाउने, सम्बन्धित व्यक्तिको बयान गराउने लगायतको कार्यविधि पूरा गरी प्रतिवेदन आयोगसमक्ष पेश गरेपछि त्यसबारे आयोगले छलफल गरी सो अनुसन्धानबाट मात्र आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गराई पुनः अनुसन्धान गराउने र प्राप्त प्रतिवेदनउपर आयोगले आरोपित कसुरको गाभा, विवादको गाम्भीर्यता, विवादको प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई विचार गरी आयोगबाटै तामेलीमा राख्ने, अन्य निकाय वा पदाधिकारीसमक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने कुराको निर्णय गर्दछ । तामेली राख्ने, अन्य निकायमा कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने र गर्न लगाउने तीनैवटा कार्य आयोगको संवैधानिक कर्तव्यभित्र पर्दछन ।

* आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्था :

(क) संविधान एवं कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रशासकीय प्रमुखको रूपमा रहेको छ । सचिवालयमा श्री ५ को सरकारद्वारा स्वीकृत अनुसूची-१ मा तोकिए बमोजिमका दरवन्दीहरू रहने व्यवस्था छ । आयोगको गठन र कार्य प्रकृतिको आधारमा संगठनमा रहन कर्मचारीको पूर्ति गर्ने व्यवस्था पनि अलग प्रकृतिको छ । अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा खास गरी तत्सम्बन्धी विषयमा दक्ष कर्मचारीको आवश्यकता पर्ने हुंदा कानून, प्रशासन, लेखा, प्राविधिक, प्रहरी आदि विषयमा अनुभव हासिल गर्नुको साथै उच्च मनोबल भएका व्यक्तिबाट सो पदहरू पूर्ति गर्ने व्यवस्था छ । आयोगको कामको प्रकृति हेरी तत्सम्बन्धी विषयमा कामको अनुभव भएका दक्ष कर्मचारीलाई केही समयका लागि आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था भएकाले सो अनुसार पनि काम गराउने गरिएको छ । श्री ५ को सरकारद्वारा स्वीकृत दरवन्दी पूर्ति गर्नमा पनि कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव भई सो पदहरूमा करार एवं अस्थायी रूपमा कर्मचारी नियुक्त गरी काम चलाउदै गरिएको पनि छ ।

भ्रष्टाचार निवारणको काममा संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरवन्दीका कर्मचारीका अतिरिक्त श्री ५ को सरकारका कर्मचारीलाई पनि आयोगको अधिकार सुम्पन सक्ने व्यवस्था भएकोले आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार

सुम्पन सक्ने हुदा आयोगको प्रशासनिक संगठन केन्द्रमा मात्र व्यवस्था गरिएको छ ।

(ख) आयोगको आ.व. २०५१।०५२ मा कूल बजेट रू. ५४,३७,२६६।५६ मध्ये रू. ४४,३७,२६६।५६ निकासा भई रू. ४२,८४,२२२।११ खर्च भएको छ। आयोगको विनियोजित, निकासा, खर्च, राजश्व आम्दानी तथा धरौटीको विवरण अनुसूची २ (दुई) बमोजिम रहेको छ ।.

५. <u>आयोगको कार्य संचालन र बैठक</u> :

आयोगले सम्पादन गर्नु पर्ने कार्य सरल र विकेन्द्रित प्रकृयाबाट सम्पादन भै त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोधको धारणासमेत विकसित गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त तथा आयुक्तहरूमा एक आपसमा आयोगको अधिकार विभाजन गरिएको छ । आयुक्तहरूमा तोकिएका मन्त्रालय वा निकायहरूमा कार्यरत पदाधिकारीउपर परेका उजूरीहरू सम्बन्धित आयुक्तको सामान्य रेखदेख र नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने व्यवस्था छ । आयुक्तहरूबिच कामको बांडफांडका अतिरिक्त आयोगभित्र कानून, प्रशासनिक, लेखा, प्राविधिक र जनसम्पर्क गरी पाँच महाशाखा रहेका छन् । ती महाशाखामा राजपत्रांकित प्रथम श्रेणीका महाशाखा प्रमुखहरू रहने र महाशाखा प्रमुखहरूलाई पनि निजहरूको कामको अनुभवको आधारमा मन्त्रालय एवं निकायहरू एक आपसमा बांडी नीजहरूले आफ्नो जिम्मेवारीमा परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्तिउपर को उजूरी सम्बन्धित आयुक्तको निर्देशनमा प्रारम्भिक अनुसन्धान गर्ने गरिन्छ ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बांडफांड गर्दा सकेसम्म सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने गरी व्यवस्था मिलाइएको छ । आयोगभित्र संरचना गरिएको महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारण गरेको व्यक्तिउपर को उजूरी सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारम्भिक अनुसन्धान शुरू गर्ने भएकोले परेको उजूरीमा प्रारम्भिक छानवीन गर्न आयोगसमक्ष पेश गर्ने गरिएको छैन । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा महाशाखा प्रमुखमार्फि सचिवको प्रशासकीय नियन्त्रण रहने हुंदा समस्याको समाधान सचिव समेतको संलग्नतामा गराइन्छ । कारवाईको सिलसिलामा प्रारम्भिक अनुसन्धान तहकिकातबाट अनुसन्धान अधिकृत नियुक्त गर्नु पर्ने देखिएका विषयमा वा सो कारवाईबाट उजूरी तामेलीमा राख्नु पर्ने देखिएकोमा आयुक्तबाटै अनुसन्धान अधिकृत नियुक्त हुने वा तामेलीमा राख्ने आदेश गर्ने गरिएको छ। प्रारम्भिक छानवीनपछि सम्बन्धित आयुक्तसमक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने गरी आदेश दिएमा सचिव मार्फत आयोगमा पेश गरिन्छ ।

सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भई नीजद्वारा अनुसन्धान तहकिकात गरी सचिवमार्फत आयुक्तसमक्ष पेश भएको प्रतिवेदन आयुक्तको आदेशले आयोगसमक्ष पेश गर्ने गरिएको छ । आयोगसमक्ष प्रतिवेदन पेश भएपछि आयोगबाट छलफल हुंदा मुद्दा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृतलाई नै वा अन्य श्री ५ को सरकारको अधिकृतलाई तोकिएको अदालत समक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ र अन्य कारवाई गर्नु पर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगको निर्णय कार्यान्वयन गर्ने प्रयोजनका लागि श्री ५ को सरकारद्वारा नियुक्त सचिव आयोगको सचिव रहने व्यवस्था छ। आयोगका महाशाखाहरूबाट तोकिए बमोजिमको कार्य भइ सकेपछि सचिवमार्फत सम्बन्धित आयुक्तसमक्ष पेश भई सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरू सचिवमार्फत आयोगमा पेश गरिन्छ। आयोगमा पेश गरिने विषयहरू सामान्यतया एक दिन अगावै सचिवद्वारा आयुक्तहरूमा वितरण गरिने गरिन्छ। अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा कुनै पनि समयमा आयोग बस्न सक्ने अवस्था बाहेक हप्ताको एकदिन मंगलबार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयमा आयोगले सम्बन्धित आयुक्तबाटै कारवाई किनारा गर्ने गरी अधिकार प्रत्यायोजन गरेको विषय, आयोग समक्ष पुऱ्याई रहनु नपर्ने गरी नियमद्वारा तय गरिएका विषय र प्रशासनिक विषय बाहेक अन्य सबै अनुचित कार्य र भ्रष्टाचार सम्बन्धि अनुसन्धान तहकिकात भएको विषय आयोगसमक्ष प्रस्तुत गरिन्छ । यसरी पेश भएका विषयहरूको सम्बन्धमा निर्णयार्थ विगत वर्षमा आयोगको बैठक कूल ४४ दिन बसेको तुलनामा प्रमुख आयुक्तको रिक्त पद २०५१।१०।२ मा मात्र पूर्ति भएकोले यस आ.व. २०५१।०५२ को अवधिमा आयोगको बैठक २१ दिन मात्र बस्न सकेको थियो। यी बैठकहरूबाट जम्मा ४५ वटा निर्णयहरू भएका थिए ।

६. <u>आयोग र महाशाखाबिच को सम्पर्क</u> :

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा तिनीहरूउपर अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रूपमा महाशाखा संलग्न हुनुको साथै आयुक्तहरूका रेखदेख र नियन्त्रणमा महाशाखा प्रमुख वा आयोग वा आयुक्तले तोकेका अन्य अधिकृत अनुसन्धान अधिकृत भई काम गर्ने हुंदा अनुसन्धानको विषयमा संलग्न रहने महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोगबीच को सम्पर्कलाई निकटतम राखी कार्य संचालन गरिन्छ । कुनै पनि महाशाखा प्रमुखबाट पेश भएको विवादमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएपछि सो पेश हुने दिन सचिव मार्फत सम्बन्धित महाशाखा प्रमुख र आवश्यकता भए तत्सम्बन्धि विषयमा जानकारी राख्ने अन्य अधिकृतलाई सूचना गरी आयोगमा बोलाइन्छ । आयोगसमक्ष नीज महाशाखा प्रमुखले आफूले

अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य पेश गरेपछि आयुक्तहरूद्वारा सो विवादमा कुनै कुरा स्पष्ट गराउन चाहेमा सो पनि महाशाखा प्रमुखद्वारा स्पष्ट गराइन्छ ।

७. <u>भ्रष्टाचार र अनुचित कार्यमा परेका उजूरीको प्रारम्भिक अनुसन्धान भइरहेको मन्त्रालयगत संख्या</u> :

सार्वजनिक पद धारण गरेका व्यक्तिबाट अख्तियारको दुरुपयोग गरी हुन सक्ने अनुचित कार्य र भ्रष्टाचारका विषयमा अनुसन्धान गर्ने जिम्मेवारी संविधानले आयोगलाई सुम्पेको र त्यस्तो अनुसन्धान कानून बमोजिम गर्नु पर्ने प्रावधान अनुसार अनुसन्धानको कारवाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ र सोको नियमावली अनुसार सम्पादित हुन्छन् । साथै आयोगले आफ्नो कार्यविधि व्यवस्था गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५० स्वीकृत गरी लागू गरेको छ । ऐनले आयोगसमक्ष परेका उजूरीउपर प्रारम्भिक छानवीन र अनुसन्धान तहकिकात गरी दुई चरणमा विभाजित गरेको हुंदा आयोगद्वारा पनि सोही अनुसार प्रारम्भिक छानवीनको काम गरिन्छ । प्रारम्भिक छानवीनको हद, सीमा र प्रकृतिलाई ऐन वा नियमले यो यति हद र सीमासम्म गरिने कार्य भनि स्पष्ट नगरेको भएता पनि कामको प्रकृतिको हिसाबबाट मूलत: तथ्यको निरूपण प्रारम्भिक छानवीनबाट गरिन्छ । अनुसन्धान तहकिकातको प्रारूप मानिने प्रारम्भिक छानवीनले नै उजूरीको औचित्य र आयोगद्वारा सो विषयमा कारवाई गर्नु पर्ने वा नपर्ने के हो त्यसको निरूपण गर्ने भएकोले समग्रमा छानविनबाटै आयोगले आफ्नो अधिकार क्षेत्र ग्रहण गर्ने वा नगर्ने कुराको टुंगो लाग्छ । प्रारम्भिक छानवीनको क्रममा निम्न कुराहरूको निरूपण गरिन्छ :

(क) उजुरी निवेदनको प्रकृति कस्तो छ ?

(ख) उजूरी निवेदन आयोगको अधिकार क्षेत्रभित्र पर्छ पर्दैन ?

(ग) निवेदनमा उल्लेखित कुराका सम्बन्धमा के कस्तो भएको हो ?

(घ) भए गरेको हो भने कुन कुन निकायमा कुन कुन अधिकारी वा पदाधिकारी त्यसमा संलग्न छन् ?

(ङ) उजूर गर्ने व्यक्ति सरोकारवाला हो वा अन्य ?

(च) विवादास्पद कार्य गर्ने अधिकारीको निर्णयले कसलाई के कस्तो हानी नोक्सानी वा क्षति हुन गयो ?

(छ) उजूरी निवेदनमा उल्लेखित अपराधजनित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा त्यस सम्बन्धमा कुनै विभागीय कारवाई भएको छ कि ?

(ज) अपराधजनित कार्य कहिले भएको, हदम्यादभित्रको उजूरी हो, होइन ? जस्ता कुराहरूको प्रारम्भिक छानवीनपछि मात्र अनुसन्धान तहकिकातको खण्ड आउने हुंदा वास्तवमा प्रारम्भिक अनुसन्धानले नै अनुसन्धान गर्ने वा नगर्ने कुराको निक्यौंल गर्दछ ।

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानवीनको कारवाई गर्दा त्यस्तो कारवाई गर्ने छानवीन अधिकृतले अनुसन्धान तहकिकात गर्दा आयोगले प्रयोग गर्ने अख्तियारी नै प्रयोग गर्ने भएतापनि छानवीन प्रारम्भिक अवस्थामा रहनुका अतिरिक्त छानवीन गरिनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भाव्यतालाईसमेत विचार गरी सो कारवाई गोप्य रहने कानूनी व्यवस्था छ ।

वर्तमान अवस्थामा अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा श्री ५ को सरकारका विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय एवं संस्थानहरूमा समेत गरी अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा परेका निम्न लिखित विषयगत उजूरीहरूउपर आयोगद्वारा प्रारम्भिक छानवीनको कार्य भइरहेको छ । एउटै विषयमा विभिन्न व्यक्तिले उजूर गर्ने गरेका र एउटा उजूरीलाई नै विभिन्न ठाउंमा पठाएको भएतापनि ती ठाउंहरूबाट समेत आयोगमा प्राप्त भई दर्ता हुने गरेकाले उजूरी संख्या र कारवाई प्रारम्भ गरिएको संख्या नमिल्ने हुन्छ ।

प्रारम्भिक अनुसन्धान भइरहेको

क.सं.	मन्त्रालयको नाम	प्रारम्भिक अनुसन्धान भइरहेको संख्या
१.	अर्थ मन्त्रालय र अन्तरगत	२१
२.	आपूर्ति मन्त्रालय र अन्तरगत	८
३.	आवास तथा भौतिक योजना मन्त्रालय र अन्तरगत	१२
४.	उद्योग मन्त्रालय र अन्तरगत	२०
५.	कृषि मन्त्रालय र अन्तरगत	२१
६.	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय र अन्तरगत	१
७.	गृह मन्त्रालय र अन्तरगत	२६
८.	जलश्रोत मन्त्रालय र अन्तरगत	९

९.	निर्माण तथा यातायात मन्त्रालय र अन्तरगत	४
१०.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र अन्तरगत	११
११.	परराष्ट्र मन्त्रालय र अन्तरगत	-
१२.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय र अन्तरगत	६२
१३.	मन्त्रीपरिषद सचिवालय	-
१४.	रक्षा मन्त्रालय र अन्तरगत	१
१५.	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तरगत	४७
१६.	वाणिज्य मन्त्रालय र अन्तरगत	६
१७.	शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय र अन्तरगत	४५
१८.	श्रम मन्त्रालय र अन्तरगत	३
१९.	सामान्य प्रशासन मन्त्रालय र अन्तरगत	१
२०.	सूचना तथा संचार मन्त्रालय र अन्तरगत	१५
२१.	स्थानीय विकास मन्त्रालय र अन्तरगत	३०
२२.	स्वास्थ्य मन्त्रालय र अन्तरगत	२४

कूल ३६७ (तीनसय सतसठ्ठी)

८. <u>अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान भइरहेका विषयहरूको संक्षिप्त विवरण</u> :

१. राष्ट्रिय वाणिज्य बैंकका तत्कालीन महाप्रवन्धकले विभिन्न कर्जा मागको निवेदनमा ठाडो तोक आदेश लगाई करोडौं रूपैयाको ओभरड्राफ्ट र हाइपोथिकेशन इत्यादि सुविधा प्रदान गर्दा अनियमित कार्यका साथै गैर कानूनी काम कारवाई गरी भ्रष्टाचार गरेको भन्ने निवेदनउपर अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान विवरण आयोगसमक्ष पेश गर्दा वाणिज्य बैंकबाट निर्क्यौल गर्नु पर्ने देखिएका कुरा जति बैंकबाट निर्क्यौल गरी आएपछि पुन: कारवाई शुरू गर्ने निर्णय भई सोही अनुसार बैंकलाई लेखिगएको छ। साथै तत्सम्बन्धि कारवाई फाइल साविक अख्तियार दुरुपयोग निवारण आयोगसमेत लाई विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतसमक्ष नीज महाप्रवन्धकले दिएको रीट निवेदनको सिलसिलामा सम्मानित अदालतबाट माग भई आए बमोजिम श्री महान्यायाधिवक्ताको कार्यालय मार्फत सक्कल मिसिल पठाइएकोमा फिर्ता भई आइ नसकेको र राष्ट्रिय वाणिज्य बैंकबाट पनि

आयोगबाट माग भएको यकीन विवरण प्राप्त भई नसकेकोले फछ्र्यौट हुन बांकी रहेको ।

२. नुवाकोट जिल्ला तत्कालिन चतुराले गा.पं. वा.नं. ६ र ९ को विभिन्न कित्ता नं. का जग्गाहरू परापूर्व कालदेखि वन जंगल भएको र नापीको समयमा समेत सरकारी वन जंगल कायम भएकोमा विभिन्न पदाधिकारीको मिलोमतोमा विभिन्न व्यक्तिको नाममा दर्ता गराई राष्ट्रिय वन जंगल हिनामीना गरेको भन्ने उजूरीउपर अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात भई रहेकोमा जुन विषयमा उजूरी परेको हो सो विषयको जग्गा श्री ५ को सरकारले जफत गरी सकेको र त्यस उपर सम्मानित सर्वोच्च अदालतमा रीट निवेदन परेको कारणले श्री ५ को सरकारले समेत रीट परे जतिमा तत्काल कार्यान्वयन नगर्ने नीति रहेको भनी यस आयोगलाई जानकारी गराएको हुंदा हाललाई मूल विषयमा विवाद भई रहेकोले सोको टुंगो नलागेसम्म यस सम्बन्धी कारवाईलाई मुल्तवीमा राख्ने आयोगबाट निर्णय भएकोले फट्र्यौट हुन बांकी रहेको ।

३. राष्ट्रिय वाणिज्य बैंक, मुख्य शाखा कार्यालय, विशालबजार काठमाडौंबाट एक तले घरलाई तीन तले घर भनि मूल्यांकन गरी गराई भ्रष्टाचार गरे भन्ने उजूरीउपर अनुसन्धान भइरहेको ।

४. नवलपरासी जिल्लाका ७७ गा.वि.स.लाई पंजीकरण कार्यक्रम अन्तरगत बाकस वा दराजको लागि निकाशा भएको रकम बढी मूल्यको कोटेशन मिलाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागका कर्मचारीहरूले गोही योजनाको निमित्त ५,००० अमेरिकी डलर नक्कली बिल बनाई भ्रष्टाचार गरेको, खरीद गरेका फर्निचर, कार्पेट र पर्दामा बिल बढाएर ५० सौं हजार रकम खाएको, कर्मचारीको विभागीय कारवाईको फाइल दवाएर राखेको, महेन्द्र प्रकृति संरक्षण कोषबाट गोहीको रिसर्च गर्नका लागि भनेर रू. १ लाख ५१ हजार लिई भ्रष्टाचार गरेको साथै आ.व. ०४८।४९ मा युनिफर्म कपडा एवं कम्प्युटर खरीद गर्दा र विभाग बसेको सरकारी भवनको तल्ला थपी निर्माण कार्य गर्दा समेत भ्रष्टाचार गरेको भन्ने उजूरीउपर अनुसन्धान भइरहेको ।

६. जिल्ला वन कार्यालय, काठमाडौंमा तत्कालीन जिल्ला वन अधिकृत (हाल क्षेत्रीय वन नियन्त्रक) समेतको मिलोमतोमा काठमाडौं जिल्ला वन कार्यालयबाट गोलिया तथा चिरानी काठ लिलाम बढाबढ गर्दा श्री ५ को सरकारको राजस्वमा हानी पुऱ्याएको भन्ने

सम्बन्धमा अनुसन्धान भइरहेको ।

७. तत्कालीन इन्धन संस्थानका महाप्रवन्धकले दाउरा उपलब्ध गराउने लोक आदेश दिंदा सामान्य विवेक पनि प्रयोग नगरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

८. सूर्ति विकास कम्पनी लिमिटेडले कम्पनीमा आवश्यक पर्ने सूर्ति खरीद गर्दा हिनामिना गरी कम्पनीलाई हानी पुऱ्याई भ्रष्टाचार गरे भन्ने उजूरी निवेदन सम्बन्धमा अनुसन्धान भइरहेको ।

९. जिल्ला विकास समिति, काठमाडौंबाट गुह्येश्वरी मुहानमा बालुवा भिऱ्याने ठेक्का लगाएकोमा शर्तभन्दा बाहिर गई ठेक्का दिलाएको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान भइरहेको ।

१०. जनरल सेल्स एजेन्टले १२ प्रतिशत कमिशन पाउने अन्तरराष्ट्रिय प्रचलन भएकोमा यती नेपाल वायु सेवा निगमले हार्टम्यान रिजनवर नामक जर्मन कम्पनीलाई ३० देखि ५० प्रतिशत कमिशन दिने शर्तमा सारा यूरोपको जनरल सेल्स एजेन्सी दिई प्रत्येक महिना करोडौं रूपैया बढी खर्च गर्नु पर्ने भई निगमलाई हानी पुऱ्याएको भन्नेसमेत उजूरी निवेदनसम्बन्ध मा अनुसन्धान भइरहेको ।

११. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को विभिन्न स्थानमा प्राविधिक शिक्षालय भवनहरू निर्माण गर्न ठेकेदारहरूको पूर्व योग्यता छनौट गर्दा भ्रष्टाचार भएको भन्ने उजूरी निवेदनसम्बन्ध मा अनुसन्धान भइरहेको ।

१२. महाकाली सिंचाई योजनामा तत्कालीन योजना प्रमुखले सम्बन्धित ठेकेदार र कर्मचारीहरूसंग मिली भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदन सम्बन्धमा अनुसन्धान भइरहेको ।

१३. नेपाल कोल लिमिटेड अन्तरगत वीरगञ्ज शाखाबाट कोइला आपूर्ति गर्दा विभिन्न प्रतिशतमा जर्ती देखाई रकम हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान भइरहेको ।

१४. नेपाल खाद्य संस्थानबाट दुर्गम क्षेत्रहरू डोल्पा, मुगु, हुम्ला, जुम्लामा खाद्यान्न ढुवानी गर्दा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१५. लुम्बिनी ओभरसीज कन्सर्नले वैदेशिक रोजगार अन्तरगत विदेशमा कामदारहरू पठाउदा धांधली गरी बढी रकम लिई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१६. रोल्पा लिवाड गा.वि.स.वडा नं. ६ देउपुजे भन्ने ठाउंमा शाही नेपाली सेनाको लागि जग्गा अधिग्रहण गर्दा अतिरञ्जित मूल्य आफै निर्धारण गरी सरकारी रकमको तत्कालीन प्र.जि.अ. समेतले भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१७. यस वर्षका लागि वन्दोवस्त भएको कैलाली जिल्लाको प्रहरी राशन ठेक्कामा व्यापक अनियमितता र भ्रष्टाचार भएको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान भइरहेको ।

१८. कपिलवस्तु जिल्लाको तत्कालीन प्र.जि.अ. समेतले गैर्‍ह नेपाली नागरिकलाई नागरिकता प्रदान गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१९. अर्घाखाँची जिल्लाका तत्कालीन प्र.जि.अ. ले विभिन्न किसिमका भ्रष्टाचारजन्य कार्य गरिरहेको भन्ने समेतको उजूरीमा अनुसन्धान भइरहेको ।

२०. जिल्ला प्रशासन कार्यालय, मोरङका तत्कालीन प्र.जि.अ.ले राजस्थान निवासी भारतीयलाई वंशजको नाताले नेपालको नागरिकता दिएको भन्ने उजूरी उपर अनुसन्धान भइरहेको ।

२१. नेपाल बैंक लिमिटेडले एभरेष्ट एयरलाई १४ लाख अमेरिकी डलर बैंक नियम विपरित गैर्‍ह कानूनी रूपले धितो कर्जा दिने निर्णय गरी नेपाल बैंकलाई नोक्सानी पुर्‍याई अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

२२. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष समेतबाट २५ ओटा गैंडा हस्तान्तरण गर्दा र गैंडा उपहार स्वरूप पठाउंदा अनियमित कार्य गरी व्यापक भ्रष्टाचार भए गरेको भन्ने सम्बन्धमा सम्बन्धित व्यक्ति विदेशमा रहेका र आयोग समक्ष उपस्थित हुन नआई अनुसन्धान कार्य पूरा हुन नसकेको ।

२३. राष्ट्रिय वाणिज्य बैंक मैतिदेवी शाखाबाट २०४४।०४५ मा ल.पु.न.पा. को जग्गा ६-२-० धितो राखी १५ लाख लगानी गरेकोमा लगानी असूल गर्न जग्गा लिलाम गर्दा कर्मचारी समेतको मिलोमतोमा भ्रष्टाचार भएको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

२४. राष्ट्रिय वाणिज्य बैंक मैतिदेवी शाखाबाट ०४४।०४५ मा रू. ९ लाख का.न.पा. वडा

नं. १० को ४ रोपनी ३ आना जग्गा धितो राखी लगानी गरेकोमा को बाकी असूल गर्न जग्गा लिलाम गर्दा बैंकका कर्मचारीको मिलोमतोमा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२५. कृषि सामाग्री संस्थानको तत्कालीन महा-प्रवन्धक र विभागीय प्रमुखले बीमा दावी रकम असूलीमा नियम कानून मिची अख्तियार दुरुपयोग गरी भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२६. रा.ने.वा.नि. इन्जिनियरीङ विभागले जहाज मर्मत, सामान खरीद आदि कार्यमा अनियमित गरी भ्रष्टाचार गरे भन्ने विषय सम्बन्धमा जाँचबुझ गर्न श्री [illegible] को अध्यक्षतामा गठित छानवीन आयोग, २०४९ को प्रतिवेदन र विभिन्न उजूरी विषय सम्बन्धको विषयमा अनुसन्धान भइरहेको ।

२७. नेपाल खाने पानी संस्थानको तत्कालीन महाप्रवन्धकले अष्ट्रियाबाट [illegible] पाइप ल्याएको, संस्थानको बालाजुस्थित पम्प हाउस भएको ठाउंको [illegible] चल्ने गरी फराकिलो पार्न संस्थानको जग्गा कम मूल्यमा बेचेको र [illegible] रु. १३ लाखको छपाइको काम गराएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२८. भोजपुर जिल्लामा तत्कालीन प्र.जि.अ. समेतले कारागार भवन निर्माण कार्य गर्दा गराउंदा प्राविधिक त्रुटीहरूसमेत गरी हिनामीना भई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२९. नेपाल खाने पानी संस्थानबाट पोलिथीन पाईप खरीद गर्दा श्री [illegible] को सरकारबाट निर्धारित दररेट भन्दा बढी मूल्यमा खरीद गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३०. जिल्ला सिंचाई कार्यालय, खोटाडका कार्यालय प्रमुखले नकली बील भरपाई बनाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३१. जिल्ला विकास समिति, बाराका तत्कालीन स्थानीय विकास पदाधिकारीले जिल्ला सभापतिसंग मिलोमतो गरी पुलको काठ हिनामीना गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२. गुलरिया-गोरङ सिंचाई योजनाका तत्कालीन डि.ई. समेतले योजनाको १० मी. भी. र १२

गी. गी. को फलामे छड हिनामीना गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३३. भैरहवा-लुम्बिनी भूमिगत जल परियोजनाको विभिन्न निर्माण कार्यको लागि ठेकेदारहरूको पूर्व योग्यता निर्धारण गर्ने कार्यमा योग्यलाई अयोग्य तथा अयोग्यलाई योग्य ठहऱ्याई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३४. सौरभ निर्माण सेवाको नामबाट नेपालगञ्ज नगरपालिकाको नेपालगञ्जस्थित नेपाल बैंक लिमिटेड, सिटी अफिसमा रहेको खाताबाट रू. ५,८५,७८६।६० पै. झिकी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३५. जिल्ला विकास समिति, गुल्मीका स्थानीय विकास अधिकारीले कपोल कल्पित होटलको नाममा बील बनाई रकम निकाली खाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३६. अछामको बयलपाटामा १५ शैयाको अस्पताल निर्माण कार्यमा अनियमित काम गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३७. स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाबाट आ.व. ०५०।०५१ को लागि करीब ४ करोड रूपैया बराबरको औषधी, सर्जिकल तथा केमिकल सप्लाईको लागि भएको बोलपत्रको कार्यमा अनियमित भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३८. पुरातत्व विभागबाट भएको मुआब्जा वितरण र विदेशी सहयोगको रकममा अनियमित कार्य गरी भ्रष्टाचार गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

३९. नेपाल राजकीय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानमा भएको इमेल लाइनको अनियन्त्रित प्रयोग, जिन्सी हिनामीना तथा उपकरण खरीद आदिमा समेत अनियमितता भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४०. लुम्बिनी विकास कोषको योजना क्षेत्रभित्र विश्व खाद्य कार्यक्रम अन्तरगत संचालित सर्कुलर लेभीमा पोखरी खन्ने योजनाको कार्यमा भ्रष्टाचार भएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४१. काठमाडौं नगरपालिका वडा नं. २८ को सार्वजनिक सत्तललाई स्वबासी घर भनी दिएको निवेदनमा बुझ्नु पर्ने कुरा नबुझी तत्कालीन प्रमुख नापी अधिकृतले जग्गा धनी प्रमाण

पूर्जा दिलाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४२. टीकापुर आयोजनाबाट सुकुम्वासीका नाममा जग्गा वितरण गर्दा राजनीतिकरण गरी आफ्ना मानिसलाई जग्गा दिलाएको भन्ने विषयमा अनुसन्धान भइरहेको ।

९. अदालतसमक्ष मुद्दा दायर भएका विवरण :

नेपाल औद्योगिक विकास निगमका तत्कालीन विभागीय प्रमुख भैरवनाथ आचार्यले शैक्षिक योग्यता ढांटी नवकली प्रमाणपत्र पेश गरी नोकरी गरेको भनि आयोगसमक्ष उजूरी पर्न आएको थियो । उक्त उजूरीउपर अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात गर्दा निजले सन् १९६४ मा त्रिभुवन विश्व विद्यालयबाट ब्याचलर अफ आर्टस (बी.ए.) परीक्षा उत्तीर्ण गरेको भनि गोको प्रमाणपत्रको प्रतिलिपी गराई पेश गरेका रहेछन् । उक्त प्रमाणपत्रको फोटोकपीसहित तत्सम्बन्धमा त्रिभुवन विश्वविद्यालयमा बुझ्दा उक्त प्रमाणपत्रको फोटोकपी सो कार्यालयबाट वितरण भएको सक्कल प्रमाणपत्रको फोटोकपी नभएको र नीज भैरव नाथ आचार्य भन्ने व्यक्ति १९६४ मा त्रि.वि.वि. बाट संचालित बी.ए. परीक्षामा अनुपस्थित रहेको भन्ने जानकारी पाइयो । साथै अनुसन्धानको सिलसिलामा नीजसंग प्रमाणपत्रको सक्कल प्रति माग गर्दा पेश गर्न नसकेको र पूर्व प्रेषित प्रमाणित प्रतिलिपी आफैले पेश गरेको स्वीकार गर्दै सोहीबाट प्रमाण लगाई पाउन भनेका हुंदा यसबाट नीजको शैक्षिक योग्यता बी.ए. स्तरको नभएकोमा छ भनी ढांटी झुट्टा प्रमाणपत्र पेश गरी नोकरीमा नियुक्ति लिएको प्रष्ट हुन आयो । अतः नीज उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ का कसूरमा सोही ऐनको सोही दफा अनुसार कैद सजायको साथै दफा २९ को उपदफा (२) बमोजिम जरिवाना समेतको माग दावी लिई श्री पुनरावेदन अदालत, ललितपुर समक्ष मुद्दा दायर गरिएको छ ।

१०. प्रचलित कानूनमा सुधार गर्न र अन्य विषयमा दिइएका सुझावहरू :

१. विभिन्न सिमेण्ट कारखानाबाट बिक्री वितरणको लागि सिमेण्ट ढुवानी गरी लैजाने अधिकृत बिक्रेताहरू करको दायराभित्र समाविष्ट नगरी सरकारी राजश्वमा घाटा पुगी रहेको भनी यस आयोगसमक्ष उजूरी निवेदन पर्न आएको थियो । सोउपर प्रारम्भिक अनुसन्धानको लागि विभिन्न कर कार्यालयमा दर्ता भएका यस्ता अधिकृत बिक्रेताहरूमध्ये केही रेनडम सेमपलिङको रूपमा लिई सम्बन्धित कर कार्यालयबाट तत्सम्बन्धी विवरण उपलब्ध गरी अध्ययन समेत गरिएकोमा कारखानाहरूबाट अधिकांश अधिकृत बिक्रेताहरूको वार्षिक कारोवारको विवरण सम्बन्धित कर कार्यालयमा पठाउने गरेको र कर कार्यालयले पनि कर निर्धारण गर्दा सोको आधार लिने गरेको भएतापनि सेम्पलिङको अध्ययनबाट केही अधिकृत बिक्रेताको हकमा भने आयकर दर्ता कुनै एक कार्यालयमा भएकोमा

विवरण अर्को कार्यालयमा पठाइएको, कुनै बिक्रेताले आर्जित आय आफ्नो आय विवरणमा समावेश नगरी वयानमा पनि उल्लेख नगरेको र कर कार्यालयबाट आयकर निर्धारण हुंदा पनि सो समावेश नभई कर असूल हुन नसकेको पाइयो। सेम्प्लिंगको अध्ययनबाट देखिएका यस्ता कुरा कारखाना अन्तरगतका अन्य अधिकृत बिक्रेता फर्म, व्यक्ति आदिका हकमा पनि हुन सक्ने संभावनातर्फ गम्भीरताका साथ विचार भई सवैलाई करको दायराभित्र ल्याउने ठोस प्रयासको आवश्यकता रहेको देखियो । अन्तरीम व्यवस्थाको रूपमा कारखानाले आफ्नो उत्पादन बिक्री वितरणको लागि लाने अधिकृत बिक्रेताहरूको विवरण कर कार्यालयमा पठाउंदा प्रत्येक बिक्रेताको अलग अलग विवरण विभिन्न मितिमा पठाउने हालको परिपाटीमा सुधार गरी एउटा कर कार्यालय अन्तरगत पर्ने सबै बिक्रेताको एकमुष्ट विवरण तालिकासमेत बनाई छुट्टै विवरणको अतिरिक्त पनि पठाउने व्यवस्था मिलाउने साथै कर कार्यालयले पनि कारखानाबाट प्राप्त एकमुष्ट वार्षिक लगत कर निर्धारण गर्दा अध्ययन गरी आय निर्धारण गरिंदा अनिवार्य रूपमा समावेश गर्न सम्बन्धित अधिकृतलाई पूर्ण जिम्मेवार बनाउनु पर्ने । यदि लगतमा अन्य कर कार्यालय अन्तरगत पर्ने कुनै फर्म वा बिक्रेताको लगतमा उल्लेख भएको देखिएमा तत्काल सम्बन्धित कर कार्यालयमा विवरण पठाई दिने गरिएमा सबै करको दायरामा पर्न सक्ने र यस्तो कार्यविधि अन्य कारखाना, उद्योग, प्रतिष्ठान आदिमा समेत अपनाइएमा सबैलाई करको दायराभित्र पार्न सहायक सिद्ध हुने देखियो । अतः कर योग्य आय आर्जन गर्ने सबैलाई करको दायराभित्र समावेश गर्ने स्थायी किसिमको प्रभावकारी व्यवस्था गर्नसमेत यस आयोगको तर्फबाट श्री ५ को सरकार, अर्थ मन्त्रालय, कर विभागलाई सुझाव दिएको छ ।

२. वैदेशिक हुलाकमा आउने विभिन्न पार्सल, रजिष्ट्रि तथा साधारण चिठ्ठीहरू चोरी हुने, हराउने वा च्यातिएको अवस्थामा फेला पर्ने जस्ता जनगुनासाहरू बारम्बार सुन्नमा आएको साथै चिठ्ठीमा खामेर पठाइएका विदेशीमुद्राका बैंक चेक तथा ड्राफ्टहरू पनि चोरी भई विदेशी बैंक तथा कम्पनी मार्फत साटिने गरिएको भन्ने विषयमासमेत यस आयोगमा उजूरी पर्न आएको थियो । यस प्रकारको कृया कलापले श्री ५ को सरकारको हुलाक सेवा व्यवस्थापनप्रति राष्ट्रिय तथा अन्तरराष्ट्रिय क्षेत्रमा विश्वासको संकट आउन सक्ने सम्भावना रहेको र त्यस्ता कुरावाट प्रभावित हुनेले स्वयं उजूरी गरेको अवस्थामा वा केश विशेषमा मात्र कारवाई गरिनु भन्दा विभागीय जिम्मेवारीमा पर्ने जनताको सेवामा प्रत्यक्ष सरोकार रहने यस्ता विषयमा सम्बन्धित विभागको प्रभावकारी निगरानी, नियन्त्रण हुनु नै बढी व्यवहारिक हुने देखिएको हुँदा श्री ५ को सरकार, सूचना तथा संचार मन्त्रालयको ध्यानाकर्षण गराइएको छ ।

३. नेपाल अधिराज्यका उपभोक्ताहरूलाई विद्युत आपूर्ति गर्ने भनी उपभोक्ताहरूलाई ग्राहक बनाई विद्युत निरन्तर आपूर्ति गर्न ऐन, नियम समेत बनाई लागू गरिएतापनि विद्युत प्राधिकरणले उपभोक्ताहरूलाई विद्युत आपूर्तिको व्यवस्था नगरी केवल विद्युत प्राधिकरणलाई आर्थिक लाभको दृष्टिकोणबाट वृद्धि गर्दै लगी अनियमित ढंगबाट विद्युत कटौती गर्ने गरेको भन्ने समेत विषयमा यस आयोगमा परेको उजूरी निवेदन सम्बन्धमा अनुसन्धान गरिंदा "नेपाल विद्युत प्राधिकरण ऐन, २०४१" अन्तरगत गठित एवं संचालित नेपाल विद्युत प्राधिकरणले उक्त ऐनको प्रस्तावनामा उल्लेखित "विद्युत उत्पादन, प्रसारण र वितरणलाई सक्षम, भरपर्दो र सर्वसुलभ गरी विद्युत आपूर्ति गर्ने उद्देश्य र सोही ऐनको दफा १६ मा "प्राधिकरणले कार्य सम्पादन गर्दा सर्वसाधारण जनताको सुविधाको समेतको ख्याल राखी व्यापारिक सिद्धान्तको अनुसरण गर्नेछ " भन्ने कर्तव्य रहेकोमा माथि उल्लेखित उद्देश्य र कर्तव्यको सन्दर्भमा प्राधिकरणले गर्दै आएको काम कारवाहीमा अझ बढी व्यापकता ल्याई आफ्नो कार्यलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्ने र विशेष गरी लोड सेडिङको समयमा उपभोक्ताले विद्युत खपत गर्न नपाउने र यसबाट खास गरी न्यूनतम निर्धारित युनिटबाट सेवा पर्याप्त हुने ग्राहकहरूलाई लोड शेडिङ गरेको अवस्थामा विद्युत खपत गर्न नपाएको अवधि समेतको शुल्क दिनु पर्दा मर्का पर्ने देखिन आएकोले उपभोग गर्न नपाएको समयको महसूल हिसाब गरी यसबाट हुन आउने रकम कूल न्यूनतम रकममा घटाई महसूल लिने बारे आवश्यक कार्य गर्ने गराउने र यस सम्बन्धमा भएको कार्यको जानकारी यस आयोगलाई दिने भनि श्री ५ को सरकार, जलश्रोत मन्त्रालयलाई लेखिपठाइएको छ ।

४. नेपाल अधिराज्यका उपभोक्ताहरूलाई खानेपानी आपूर्ति गर्ने भनी उपभोक्ताहरूलाई ग्राहक बनाई खानेपानी आपूर्ति गर्न कानून र नियम समेत बनाई लागू गरिएतापनि नेपाल खानेपानी संस्थानले सर्वसाधारण उपभोक्ताहरूलाई खानेपानीको सही ढंगले आपूर्तिको व्यवस्था र विकास नगरी केवल संस्थानलाई आर्थिक लाभको दृष्टिकोणबाट वृद्धि गर्दै लगी पानी वितरण कार्यमा अनियमितता भएको भन्ने समेत विषयमा यस आयोगमा परेको उजूरी निवेदनसम्बन्ध मा अनुसन्धान गरिंदा "नेपाल खानेपानी संस्थान ऐन, २०४६" अन्तर गत गठित एवं संचालित नेपाल खानेपानी संस्थानले उक्त ऐनको प्रस्तावनामा उल्लेखित "सर्व साधारण जनताको स्वास्थ्य र सुविधा कायम राख्न नेपाल अधिराज्यको विभिन्न क्षेत्रमा नियमित रूपले स्वच्छ खानेपानी उपलब्ध गराउने" र उक्त ऐनको दफा ५.१.७ मा "संस्थानले महसूल तथा शुल्क आदि लिई खानेपानी वा ढल निकासको सुविधा उपलब्ध गराई सेवा प्रदान गर्ने" भन्ने काम कर्तव्य तोकिएको र यसै अनुरूप काम भइरहेको छ भनिए तापनि मुख्यत: नियमित रूपमा सबै क्षेत्रमा खानेपानी उपलब्ध गराउन नसकेको

गएट छ । अर्को तर्फ संस्थानले पानी नआउने मीटर भएको धाराहरूमा न्यूनतम शुल्क मात्र लिन् पर्ने स्थिति रहेकोमा पानी नियमित रूपमा आउने धाराहरूमा रहेको मीटर अनुसार न्यूनतम रकम तिर्नु पर्ने व्यवस्था हुनु उचित देखिन्छ भने पानी नआउने धाराहरूमा मीटर नचलेको भनी न्यूनतम रकम भन्दा बढी रकम असूल गर्नु उपयुक्त नहुने हुंदा यस सम्बन्धमा उपयोगको आधारमा शुल्क असूल गर्ने तर्फ आवश्यक कार्य गरी गराई सो सम्बन्धमा भए गरेका कार्यको जानकारी यस आयोगलाई दिन श्री ५ को सरकार, आवास तथा भौतिक योजना मन्त्रालयमा लेखिपठाइएको छ ।

५ सिमेण्ट उद्योगहरूबाट नियमित रूपमा क्षमता अनुरूप उत्पादन तथा बिक्री वितरण सुचारू रूपले व्यवस्था हुनु पर्नेमा सो नभई बजारमा सिमेण्टको अभाव र निर्धारित मूल्य भन्दा बढी मूल्यमा बिक्री भएको भन्ने समेत विषयमा यस आयोगमा परेको उजूरी निवेदन सम्बन्धमा अनुसन्धान हुंदा हाल सिमेण्ट बिक्री वितरणमा देखिएको अभावलाई मध्यनजर राख्दा उत्पादन गर्ने उद्योगको भन्दा उत्पादन भै बिक्री वितरणमा गएपछिको अवस्थामा अभाव सृजना गर्ने गराउने कार्य भए गरेको हुन सक्ने सम्भावना बढी देखिएकोले यस तर्फ स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (५) अनुसारको कानूनी कारवाई गरी सजाय गर्न सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी वा अन्य निकायमार्फत जे जस्तो कारवाई गर्नु गराउनु पर्ने हो गर्न श्री ५ को सरकार आवास तथा भौतिक योजना मन्त्रालयमा लेखि पठाइएको ।

६ कृषि विकास बैंकबाट हरिसिद्धी ईटा टायल कारखानालाई अनियमित तवरले ओभरड्राफ्ट लगा दिई भ्रष्टाचार भएको भनी पर्न आएको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा कृषि विकास बैंकद्वारा हरिसिद्धी ईटा टायल कारखानालाई कर्जा प्रवाह गर्दा बैंकको कर्जा सम्बन्धी नियमावली, २०४८ मा उल्लेख भएको कर्जा प्रवाह गर्ने निर्णय गरेको पाइएको हुंदा आइन्दा यस्तो नगर्न र नियमावलीका सम्पूर्ण प्रकृया पूरा गरी लगानी गर्ने प्रबन्ध मिलाउन कृषि विकास बैंक, मुख्य कार्यालय, काठमाडौंमा लेखिपठाइएको छ ।

७ गोबर ग्यास तथा कृषि यन्त्र विकास प्रा. लि. मा अनियमित कार्य सम्पादनबाट भ्रष्टाचार गरी अख्तियार दुरुपयोग भएको हुंदा आवश्यक कारवाईको लागि यस आयोगमा पर्न आएको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा उक्त गोबर ग्यास तथा कृषि यन्त्र विकास प्रा.लि.ले १५ जुलाई १९९२ देखि ३० अगष्ट १९९२ सम्म चीनमा भएको बायोग्यास सम्बन्धि तालीममा मनोनयन गरी पठाउंदा सम्भाव्य उम्मेदवारको विवरण राख्ने व्यवस्था नभएको देखिएकोले तालीम जस्तो विषयमा सबै योग्य कर्मचारीहरूले समान अवसर पाउनु

पर्ने कुरालाई महसूस गरी आइन्दा तालीममा कर्मचारी पठाउंदा सम्भाव्य कर्मचारीहरूको विवरण तयार गरी त्यसमध्ये योग्य उम्मेदवारलाई पठाउने व्यवस्था गर्न गोबर ग्यांस तथा कृषि यन्त्र विकास प्रा.लि. मुख्य कार्यालयलाई सुझाव दिइएको छ ।

८. नेपाल विद्युत प्राधिकरणका कर्मचारीले विद्युत चोरीमा सघाउने र अन्य अनियमितता समेतका कारण विद्युत महसूल बढेको भन्ने समेत विषयको यस आयोगमा परेको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा मर्स्याङ्दी जल विद्युत आयोजनाको लागि जर्मन संस्थाहरूको ऋण सहयोग अन्तरगत नेपाल विद्युत प्राधिकरणलाई हस्तान्तरण गरिएको सवारी साधनहरू मध्ये १० थान गाडीहरू र १ थान मोटर साइकल नेपाल विद्युत प्राधिकरणले आफ्नै जिम्मा राखी जलश्रोत मन्त्रालय, गृह मन्त्रालय, स्थानीय प्रशासन, जलशक्ति आयोग एवं तनहूं स्थित शाही नेपाली सेनालाई समेत प्रयोग गर्न दिइरहेको देखियो । नेपाल विद्युत प्राधिकरणलाई यी सवारी साधनहरू आवश्यक नपर्ने र उपरोक्त संस्थाहरूमा अन्य सवारी साधन उपलब्ध हुन नसक्ने, तर दैनिक कार्य संचालनको निमित्त अत्यावश्यक पनि हुने भए यी सवारी साधनहरू तत् तत् संस्थानहरूलाई नै हस्तान्तरण गरि दिने र नेपाल विद्युत प्राधिकरणले आफ्नो जिम्मी मौज्दातबाट यसको मर्मत जगाउनसमेत वाञ्छनीय हुनुको अतिरिक्त मर्मत गरिनु पर्ने सवारी साधनहरूको संख्या पनि उल्लेख्य देखिएकोले यस्ता सवारी साधन शीघ्र मर्मत गरी संचालनमा ल्याउने र मर्मत हुन नसक्ने भएमा लिलाम बिक्री गर्ने व्यवस्था हुनु पनि आवश्यक देखिन्छ ।

यस प्रकारको नीतिबाट नेपाल विद्युत प्राधिकरणले आफ्नो स्थीर एवं चालू पूंजीलाई सिथील राखिरहने प्रवृत्ति दुरुत्साहित हुने तथा यस्तो पूंजीमा विश्व बैंकको नीति अनुसार ६ प्रतिशतका दरले Rate of return आफ्नो दायित्वमा जोडिरहन नपर्ने भई विद्युत महसूल घटाउनेतर्फ अनुकूल असर पर्नेछ। यस्तो नीति तर्जुमा भएमा सो प्राधिकरण लगायत सेवा मूलक अन्य संस्थाहरूको (नेपाल खानेपानी संस्थान, नेपाल दूर संचार संस्थान आदि) सेवा महसूल न्यूनिकरणमा समेत अनुकूल प्रभाव पर्ने हुंदा यसै अनुरूप गर्ने सुझाव मन्त्रिपरिषद् सचिवालय मार्फत श्री ५ को सरकारलाई पठाइएको ।

९. रातु खोला सिंचाई योजनामा एक करोड लगानी भइसकेर पनि हालसम्म कुनै उपलब्धि हासिल हुन नसकेको भन्नेसमेत उजूरी निवेदनका सम्बन्धमा छानविन हुंदा उक्त रातु खोला सिंचाई आयोजना, महोत्तरीमा हालसम्म रू. ९१,४८,४३८।- खर्च भइसकेको र हाल सो आयोजना अधूरो नै रहेकोले श्री ५ को सरकारबाट लगानी भएको सो रकमबाट देश र जनता लाभान्वित हुन नसकेको हुंदा यस प्रकार श्री ५ को सरकारले लगानी गरिसकेका

आयोजनाहरूलाई सम्पन्न गर्ने काम भएपछि मात्र अन्य आयोजनाहरूमा लगानी गर्ने मनासिव हुने हुंदा यस विषयमा जलश्रोत मन्त्रालय, अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगसमेत लाई श्री ५ को सरकारका सबै एकाइहरूको ध्यानाकर्षण गराउन लेखिएको ।

१०. साझा यातायातबाट खरीद भएको १० वटा टाटा बस च्यासिसमा बडी बनाउंदा स्पेशिफिकेशन अनुरूपको काम नभएको भन्ने समेत विषयको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा साझा यातायातबाट आ.व. २०४९।५० मा खरीद भएको १० वटा टाटा बस च्यासिसमा बडी निर्माणका सम्बन्धमा कूल रू. २,३६,८७०।- को काम हुन बांकी रहेको देखिएको र ठेकेदारलाई सम्पूर्ण रकम भुक्तानी पनि भइसकेको हुंदा ठेक्का कबूलियत बमोजिम गर्नु पर्ने तर सम्पन्न नभएको कार्यको उपरोक्त मूल्यांकित रकम ठेकेदारबाट असूल उपर गर्न निर्माण तथा यातायात मन्त्रालयलाई लेखिएको ।

११. सडक विभागको लागि भारतीय कम्पनीबाट विटुमिन खरीद गर्दा तत्कालिन उप-महानिर्देशकले रू. २ करोड २० लाख ८० हजार श्री ५ को सरकारलाई घाटा गराएको भन्ने समेत विषयको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा अन्तरराष्ट्रिय स्तरका बैंकहरूले ऋण सहयोगमा संचालन हुने वहुपक्षीय खरीद कार्यहरूमा ८० प्रतिशत रकम अग्रिम भुक्तानी दिनु पर्ने भई विदेशी कम्पनीहरूले ठूलो रकम शुरूमै पाइसकने हुंदा सामानको आपूर्तिमा सिथिलता आउने र गुणस्तरसम्बन्धी विवाद समेत उत्पन्न भइरहने गरेको देखियो । त्यस्तै भन्सारबाट सामान छुटाई निर्दिष्ट ठाउंसम्म पुऱ्याउने जिम्मा सम्बन्धित कम्पनीकै हुंदा पनि तत्सम्बन्धी आवश्यक प्रकृया पूरा नगरी डेमरेज चार्ज बढ्दै जाने र सो व्यहोर्नमा पनि अनावश्यक विवाद खडा गर्ने गरेको पाइएको हुंदा सम्झौता शर्त विपरित काम भए पनि अन्तरराष्ट्रिय कानूनी उपचारको अत्यधिक व्ययभार, आयोजना संचालनमा हुने ढीलाईका कारण मूल्यवृद्धि भइ बढ्न जाने लागत एवं ऋण रकमको ठूलो अंश लगानी समेत भइसक्ने जस्ता कारणहरूले गदा सरकारी निकायहरू स्वयं त्यस्ता कम्पनीहरूसंग सहमतिमा जानु पर्ने वाध्यता विद्यमान रहेको देखिएकोले यस समस्याको समुचित समाधानको खोजी गरी सबै सरकारी निकाय तथा राष्ट्रिय योजना आयोगमा समेत लागू हुने व्यवस्था गर्न मन्त्रिपरिषद् सचिवालय मार्फत श्री ५ को सरकारलाई सुझाव पठाइएको ।

१२. बाटो पीच गरी टेलिफोन लाईन बनाएको १ महिना भित्रै सोही स्थानमा ढल बनाउन पीच खनी लाखौंको राजस्व खेर गएको भन्ने समेतको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान

हुंदा विकास निर्माणका कार्यहरूसंग सम्बन्धित निकायहरू (जस्तै सडक विभाग, नेपाल दूर संचार संस्थान, नेपाल खानेपानी संस्थान आदि) बिच आपसी समन्वय राखी योजनाबद्ध तरिकाले काम गर्ने व्यवस्था गर्न सम्बन्धित मन्त्रालयहरू (अर्थ मन्त्रालय, संचार मन्त्रालय आवास तथा भौतिकयोजना मन्त्रालय र निर्माण तथा यातायात मन्त्रालय समेत) लाई सुझाव पठाइएको ।

१३. तेश्रो ग्रामीण खानेपानी योजनाको लागि सम्बन्धित विभागमै प्रशस्त जनशक्ति हुंदाहुंदै कन्सल्टेन्सी मार्फत काम गराई बढी खर्च गराएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा श्री ५ को सरकारको विभिन्न निकाय अन्तरगत संचालित हुने विकास योजनाहरूको लागि विदेशी परामर्शदाताको सेवा लिइ आएकोमा विभिन्न मित्रराष्ट्रहरूबाट प्राप्त हुने सहयोग र ऋण रकमको ठूलो हिस्सा त्यस्तो सेवा प्राप्त गर्नमा नै खर्च हुने, तर स्वदेशी प्राविधिकहरू भने जिम्मेवारी बहन गर्ने कार्यमा संलग्न नै हुन नपरी हतोत्साहित भएर प्रतिभापलायनको (brain drain) समस्या समेत उत्पन्न हुने गरेको हुंदा क्षमता अनुरूपको कार्य स्वदेशी प्राविधिकबाटै गराउन सकिएमा विदेशी परामर्शदाताको सेवा शुल्कको रूपमा खर्च हुने ठूलो रकमको बचत भई स्वदेशी प्राविधिकहरूको मनोबल समेत बढ्न जाने भएकोले अनुभवको कमीका कारण विदेशी परामर्शदाता नै नियुक्त गर्नुपर्ने अवस्थामा पनि स्वदेशी प्राविधिकहरूसमेत संलग्न गराई अनुभव हासिल गर्न लगाएमा केही दशकपछि त्यस्ता आयोजनाहरूमा समेत विदेशी विशेषज्ञको सेवा आवश्यक नपर्ने हुन जान्छ । तसर्थ हाल संचालित स-साना ग्रामीण आयोजनाहरूमा विदेशी परामर्शदाताहरूलाई क्रमश: स्वदेशी विशेषज्ञद्वारा विस्थापित गर्दै लग्ने दिशामा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय र अन्य सम्बन्धित मन्त्रालयहरू समेतले संयुक्त छलफल गरी एउटा ठोस नीतिको तर्जुमा गरी अपनाउन वाञ्छनीय भएको भन्ने सुझाव मन्त्रिपरिषद् सचिवालयमार्फत श्री ५ को सरकारलाई पठाइएको ।

१४. पोखराको धम्पुस-धितालं खानेपानी योजनाको काममा भ्रष्टाचार भएको भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा जिल्ला तथा क्षेत्रीय कार्यालयहरूबाट माग नै नभएका आयोजनाहरू सम्बन्धित कार्यालयको जिम्मामा रहने गरी केन्द्र स्तरबाट नै अर्थ मन्त्रालयको बजेट पुस्तिकामा समावेश गराउने प्रवृत्ति तथा विनियोजित रकमलाई कार्यक्रम संशोधन नै नगरी अन्य कार्यक्रमहरूमा खर्च गर्ने प्रवृत्तिसमेतलाई निरूत्साहित पार्ने तर्फ आवश्यक कार्यवाही गर्न अर्थ मन्त्रालय, मन्त्रिपरिषद् सचिवालय एवं राष्ट्रिय योजना आयोगलाई सुझाव पठाइएको ।

१५. प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (C.T.E.V.T) अन्तरगत विदेशी सहयोगमा लमजुङ तनहूं भीमादको प्राविधिक भवन निर्माणमा भ्रष्टाचार भएको भन्ने विषयमा पर्न आएको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा उक्त प्राविधिक भवन निर्माण कार्य टर्न की वेसिसमा भएकोले भवन निर्माणको ठेक्का पट्टा सम्बन्धी सम्पूर्ण कार्य (C.T.E.V.T र M/S NEPAL) को द्विपक्षीय छलफलबाट तयार र मान्यता प्राप्त भएको (Plan of cooperation) को आधारमा ३ जुलाई १९९४ मा भएको सम्झौता बमोजिम दातृ संस्था (M/S NEPAL) द्वारा हुने हुंदा सो सम्बन्धी विवरण परिषद्बाट उपलब्ध गराउन नसकिने भन्ने व्यहोराको जानकारी प्रा.शि. तथा व्या.ता.प. बाट प्राप्त हुन आएकोले मित्र राष्ट्रहरूबाट हाम्रा विकास निर्माण कार्यहरूमा सहयोग गर्ने क्रममा कुनै सरकारी निकायसंग सम्पूर्ण निर्माणकार्य (turn key basis) मा सम्पन्न गर्ने सम्झौता गर्दा सो कार्यक्रमको लागि सम्बन्धित मित्र राष्ट्रहरूबाट खटीई सम्झौता गर्दा सो कार्यक्रमको लागि सम्बन्धित मित्र राष्ट्रहरूबाट खटिई आउने आयोजना प्रमुखलाई नै ठेकेदारको छनौट, नियुक्ति, सम्झौता, गुणस्तर एवं कार्य प्रगतिको सुपरिवेक्षण तथा बील भुक्तानी जस्ता आर्थिक कारोबार लगायतको सर्वाधिकार सम्पन्न गर्ने प्रचलन रहेको हुंदा त्यस्ता कार्यक्रममा सरकारी निकायबाट खटिने कर्मचारीबाट कुनै निगरानी हुन नसक्ने अवस्था विद्यमान रहने भएकोले यस प्रकारका कार्यक्रमहरू राष्ट्रिय स्वार्थको प्रतिकूल हुन सक्ने तथा यसबाट नेपाली जनमानस र प्रशासन यन्त्रमा समेत निम्न विकृतिहरू उत्पन्न हुन सक्ने सम्भावना रहेको देखिन्छ :-

१. अधिराज्यभित्र को कुनै निश्चित क्षेत्रका स्थानीय जनता लाभान्वित हुने आयोजना संचालनको सर्वाधिकार मित्रराष्ट्रबाट खटीई आउने अधिकारीलाई दिंदा सरकारीपक्षबाट कुनै निगरानी हुन नसक्ने अवस्थामा त्यस्तो आयोजनाको निमित्त सहयोग स्वरूप प्राप्त हुने ऋण वा अनुदान रकम सोही आयोजनाको कार्यमा मात्र खर्च भएको छ वा अन्य राष्ट्रिय स्वार्थ विपरितका कार्यहरूमा पनि लगानी भएको छ भन्ने जानकारी हुन सक्दैन ।

२. स्थानिय जनता तथा नेताहरू समेत सरकारी कार्यक्रमको आयोजना भए पनि त्यस्ता कार्यक्रममा खटीने सरकारी कर्मचारीप्रति भन्दा आफूलाई प्रत्यक्ष लाभ पुऱ्याउने विदेशी अधिकारीप्रति बढी आस्थावान र विश्वस्त हुने अवस्था रहनु पनि समग्रमा राष्ट्रिय हितको विपरित नै हुन्छ ।

३. यस प्रकारका आयोजनाहरूमा सरकारी निकायबाट काजमा खटिने कर्मचारी र

आयोजनाकै तर्फबाट विदेशीहरूले नियुक्ति गरेका समान स्तरका कर्मचारीहरूले पाउने तलब भत्ता र सुविधाहरू उल्लेखनीय रूपमा अपमान हुने हुदा यसबाट सरकारी कर्मचारीको मनोबलमा ह्रास आउने र यसबाट जनसेवाको क्षेत्रमा प्रतिकूल असर पर्न गई प्रत्यक्ष रूपमा सर्वसाधारणको लागि प्रतिकूल अवस्थाको श्रृजना हुन पनि सक्ने देखिन्छ ।

४. एउटै राष्ट्रभित्र संचालन हुने निर्माण कार्यहरूमध्ये कुनैमा श्री ५ को सरकारको आर्थिक नियम लागू हुने र कुनैमा विदेशी नियम लागू हुने भएकोले सर्व साधारण तथा विदेशी पर्यवेक्षकहरूलाई समेत आयोजना संचालनमा राम्रै गुणस्तर र प्रगति हासिल हुने भए विदेशी नियमहरू नै किन अधिराज्यव्यापी रूपमा लागू हुन सकेन भन्ने भ्रम पर्ने र यसबाट स्वदेशी कर्मचारी तथा नेताहरू (नीति निर्माताहरू) विश्वासका पात्र हुन नसक्ने रहेछन् भन्ने गलत निस्कर्ष निस्कन सक्ने देखिन्छ ।

उपर्युक्त सम्भावनाहरूका आधारमा श्री ५ को सरकार लगायतका सबै सम्बद्ध निकायहरूका (कानून मन्त्रालय, अर्थ मन्त्रालयको वैदेशिक सहयोग महाशाखा र राष्ट्रिय योजना आयोग आदि) प्रतिनिधि सम्मिलित एक उच्चस्तरीय समितिको गठन गरी दातृ संस्था वा मित्र राष्ट्रहरू तथा श्री ५ को सरकारसमेत लाई मान्य हुने नयां नियमको तर्जुमा गरी लागू गर्न वाञ्छनीय भएको भन्ने सुझाव मन्त्रिपरिषद् सचिवालयलाई लेखी पठाइएको ।

११. आयोगबाट अनुसन्धान भई अख्तियारवालासमक्ष र अन्य निकायबाटै कारवाई हुन पठाएको विवरण :

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरेको विषयमा संविधानको धारा ९८ को उपधारा (२) बमोजिम अख्तियारवालासमक्ष लेखि पठाउने कुरामा आयोगले प्रारम्भिक र अनुसन्धान अधिकृत नियुक्त गरी सो छानविन प्रतिवेदन र संकलित प्रमाण समेतको आधारमा के कस्तो कारवाई हुने हो सो गर्न लेखी पठाउने गरेको छ भने अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को (पहिलो संशोधन) दफा २ (घ) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्ति भन्नाले ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति भनिएका बाहेकका अन्य व्यक्तिउपर परेका उजूरी सम्बन्धमा उजूरीको प्रकृति, त्यस उपर कारवाई गर्न सक्षम निकाय, मन्त्रालय, विभाग, कार्यालय एवं संस्थान आदिसमेत विचार गरी आयोगले तत्सम्बन्धी उजूरी निवेदनहरू प्रारम्भिक कारवाईकै सिलसिलामा अन्य निकायमा पठाउने गरेको छ ।

(क) माथि उल्लेख भए अनुसार आयोगद्वारा छानवीन, अनुसन्धान तहकिकात भई आयोगको निर्णय अनुसार सतर्क तथा सचेत गराइएका र विभागीय कारवाई गर्न लेखी पठाइएका पदाधिकारीहरू :

१ <u>विभागीय कारवाही गर्न लेखि पठाइएको :</u>

बिक्रीकर तथा अन्त:शुल्क विभागका महानिर्देशक	-जैनेन्द्रजीवन शर्मा
नेपाल कोल लिमिटेडका नायव महाप्रवन्धक	-विष्णुराज अर्याल

२ <u>सतर्क तथा सचेत गराउन लेखि पठाइएको :</u>

बिक्रीकर तथा अन्तशुल्क विभागका शाखा अधिकृत	-सनतकुमार रेग्मी
जिल्ला विकास समितिको कार्यालय, मोरङका	
नि स्थानीय विकास अधिकारी	-नारायणप्रसाद उपाध्याय
जिल्ला वन कार्यालय, कपिलवस्तुका का.मु. जिल्ला वन अधिकृत	-मोहन कोइराला
जिल्ला खानेपानी कार्यालय, कास्कीका तत्कालीन	
जिल्ला इन्जिनियर	-आनन्दमोहन लाल दास
" का इन्जिनियर	-रामलाल प्रधान
" "	-धनबहादुर तामाङ
" ओभरसियर	-रामप्रसाद चौधरी

(ख) माथि वर्णित प्रकृया वमोजिम यस आयोगमा दर्ता हुन आएका विभिन्न विषयका उजूरी निवेदनहरूमध्ये निम्न लिखित विषयगत संख्याका उजूरीहरू निम्न लिखित कार्यालयमा आवश्यक कारवाईको लागि पठाइएको छ :

क्र. स.	निकायहरू	<u>उजूरी संख्या</u>
१.	अर्थ मन्त्रालय	८
२.	आपूर्ति मन्त्रालय	११
३.	कृषि मन्त्रालय	१
४.	कृषि विकास विभाग	२
५.	गृह मन्त्रालय	१९
६.	गुठी संस्थान	३
७.	जलश्रोत मन्त्रालय	४
८.	जिल्ला प्रशासन कार्यालयहरू	६८

९.	जिल्ला प्रहरी कार्यालय, काठमाडौं	१
१०.	जिल्ला विकास समिति, बारा	१
११.	जिल्ला शिक्षा कार्यालय, काठमाडौं	१
१२.	दुग्ध विकास संस्थान	१
१३.	निर्माण तथा यातायात मन्त्रालय	२
१४.	निर्वाचन आयोग	२
१५.	नेपाल विद्युत प्राधिकरण	१
१६.	नेपाल बैंक लिमिटेड	१
१७.	न्याय परिषद्	२
१८.	प्रहरी प्रधान कार्यालय	१
१९.	पुनरावेदन अदालत, ललितपुर	१
२०.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३
२१.	राजविराज नगरपालिका	१
२२.	राजस्व अनुसन्धान विभाग	७
२३.	राष्ट्रिय वाणिज्य बैंक	१
२४.	राष्ट्रिय योजना आयोग	१
२५.	ललितपुर नगरपालिका	१
२६.	लोक सेवा आयोग	४
२७.	वन तथा भू-संरक्षण मन्त्रालय	२
२८.	वन विभाग	१
२९.	विशेष प्रहरी विभाग	८२
३०.	शाही नेपाली जंगी अड्डा	१
३१.	शिक्षा,संस्कृति तथा समाज कल्याण मन्त्रालय	१
३२	श्रम मन्त्रालय	१
३३.	सामान्य प्रशासन मन्त्रालय	१
३४.	स्थानीय विकास मन्त्रालय	३
३५.	स्वास्थ्य मन्त्रालय	५
३६.	हुलाक सेवा विभाग	१

१२. अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्यौंट :

१. बिक्रीकर तथा अन्त: शुल्क विभागले निम्न कोटीको मदिरा उत्पादन एवं बिक्री वितरण गर्न टेण्डर आह्वान गरी ठेक्का दिएकोमा रेक्टीफाइड स्प्रीट उत्पादन एवं बिक्री वितरण समेत गरी भ्रष्टाचार गरे भनी राम आयोग समक्ष उजूरी निवेदन पर्न आएको थियो। सोउपर अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात गरिंदा निम्नानुसार भए गरेको पाइएको हुंदा देहाय बमोजिमको कारबाहीको लागि यो प्र. को सरकार, अर्थ मन्त्रालयमा लेखिपठाइएको छ।

१ प्रस्तुत उजूरी निम्न कुरामा केन्द्रित रहेको थियो :

(क) २०५१ साल श्रावण देखि २०५३ साल आषाढ मसान्तसम्मको लागि चितवन, नवलपरासी र रूपन्देही जिल्लाको निम्न कोटीको मदिरा उत्पादन गर्ने डिष्टिलरी स्थापनाको लागि इजाजत पाएका सोवित प्रसाद श्रेष्ठ र रोहित प्रसाद श्रेष्ठले बेट्टेट स्टील प्लाण्ट भैरहवामा स्थापना गरी रेक्टीफाइड स्प्रीट उत्पादन गरी आफूले अनुमति पाएका ३ जिल्ला बाहेक अधिराज्यका अन्य जिल्लामा समेत बिक्री वितरण गरी गैर कानूनी फाइदा उठाएका र यसमा अन्त:शुल्क विभागका अधिकृतहरूको समेत मिलोमतो रही बिक्री गर्ने इजाजत दिएको।

(ख) माथि प्रकरण (क) मा उल्लेखित व्यक्तिहरूले सो ठेक्का प्राप्त गर्दा बोलपत्र फारम भर्ने निर्देशिकाको शर्त नं. ३१ मा ऐन बमोजिम बुझाउनु पर्ने बिक्री कर, अन्त:शुल्क वा राजस्व बुझाउन बांकी रहेका डिष्टिलरी वा आपूर्ति कर्तालाई ठेक्का दिइने छैन भन्ने शर्त छंदाछंदै निजहरूका बाबु लाल प्रसाद श्रेष्ठले अघिल्लो वर्ष नवलपरासी र बागमती अञ्चलको ठेक्का पाए वापत करोडौं रूपैया राजस्व तिर्न बांकी छदै रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा २० अनुसार पारिवारिक उत्तरदायित्वबारे विचारै नगरी अन्त:शुल्क विभाग र ठेकेदार एक आपसमा मिली कानूनको वर्खिलाफ ठेक्का दिने निर्णय गरी अन्य कतिपय कुरामा समेत निर्देशिका एवं शर्त विपरित काम गरेकोले सो ठेक्का बदर गरिनु पर्ने।

२. उपरोक्त उजूरी उपर अनुसन्धान गरिंदा निम्नानुसार पाइएको छ :

(१) प्रकरण १ (क) को उजूरीबारे ठेक्का बन्दोवस्तको लागि प्रकाशित सूचना एवं कबुलियत आदि हेर्दा निम्न कोटीको मदिरा वा उच्च कोटीको मदिरा उत्पादनको लागि कच्चा पदार्थको रूपमा रेक्टीफाइड स्प्रीट प्रयोग गरिने कुरा देखिन

आयो । मदिरा ऐन, २०२१ को दफा २ मा मदिरा भन्नाले "रक्सी तयार गर्ने महुवा र रेक्टीफाइड स्प्रीटलाई जनाउंदछ" भनिएको र औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९ बमोजिम सोही ऐनको अनुसूची २ मा पर्ने अर्थात् त्यस्ता उद्योग स्थापना गर्न उद्योगको अनुमति लिनुपर्ने भित्र मदिरा समावेश भएको तथा उद्योग विभागमा बुझिंदा रेक्टीफाइड स्प्रीट उत्पादन गर्न उद्योग विभागको इजाजत लिनु पर्ने भन्ने बुझियो । यस सम्बन्धमा अन्त:शुल्क विभागको निर्णय हेर्दा तनहुं जिल्लामा स्थापना भएको निम्न कोटीको मदिरा उत्पादन गर्ने प्रयोजनको लागि चाहिने कच्चा पदार्थ रेक्टीफाइड स्प्रीट रूपन्देहीको त्रिवेणी डिष्टिलरीबाट लिन पाउने भनी निवेदन गरेकोमा विभागले रेक्टीफाइड स्प्रीट बिक्री गर्ने इजाजत दिलाई यसमा भएको नियन्त्रण अभिलेख प्रकृया पूरा गरी अरू स्प्रीटवालासमेत लाई खुला गर्ने निर्णय गरेको देखियो । बोलपत्र भर्ने सम्बन्धी निर्देशिका हेर्दा सो निर्देशिकाको दफा १५ मा डिष्टिलरी पट स्टील वा पेटेण्ट स्टीलको आधुनिक खालको हुनु पर्नेछ, कुन प्रकारको निर्माण कुन जिल्लामा गर्ने हो, दैनिक क्षमता कति हो बोलपत्रमा स्पष्ट उल्लेख गर्नु पर्नेछ भनी उल्लेख भएको रहेछ । जस अनुसार डिष्टिलरी संचालक रोहित प्रसाद श्रेष्ठ, सोवित प्रसाद श्रेष्ठले पेटेण्ट स्टील प्लाण्ट राख्ने भनी बोलपत्रमा उल्लेख गरेको पाइयो ।

ठेक्का बन्दोवस्त गर्दा निम्नकोटीको मदिरा उत्पादन गरी बिक्री वितरण गर्ने इजाजत प्रदान गरिएको तर बोलपत्र भर्ने निर्देशिकामा पट स्टील वा पेटेण्ट स्टील जुनसुकै राख्न पाउने प्रावधान रहेकोले आधुनिक खालको पेटेण्ट स्टील प्लाण्ट राख्नमा ठेक्का शर्तले बाधा पुऱ्याएको भन्नु पर्ने अवस्था भएन । यता पेटेण्ट स्टील प्लाण्ट राखेपछि निम्न कोटीको मदिरा उत्पादन शुरू गर्दा सर्व प्रथम सो प्लाण्टबाट स्प्रीट बनेपछि मात्र मदिराको प्रोसेस शुरू हुने भएकोले रेक्टीफाइड स्प्रीट आफूलाई आवश्यक पर्ने मात्रा भन्दा बढी उत्पादन भएमा त्यसलाई अन्यथा मान्नु पर्ने कुरा पनि होइन । पट स्टील प्लाण्ट राखेको अवस्थामा त्यसबाट उत्पादित रेक्टीफाइड स्प्रीट कम गुणस्तरको र उत्पादन पनि कम परिमाणमा हुने भएकोले पट स्टील प्लाण्ट डिष्टिलरीवालाहरूले अन्त:शुल्क विभागबाट तोकिएको स्थानबाट तोकिएको परिमाणमा कानून बमोजिम अन्त:शुल्क तिरी लिने गरेको अनुसन्धानबाट देखिन आयो । अन्त:शुल्क विभागको टिप्पणी र प्राप्त कागजात हेर्दा सो स्प्रीट भारतबाट समेत लाग्ने शुल्क तिरी ल्याउने गरिएको भनी उल्लेख हुनुका साथै बयान व्यहोराबाट आपूर्ति मन्त्रालयको सूचनाले स्प्रीट लगायतका वस्तु खुल्ला रूपमा ल्याउन पाउने भन्ने पनि देखिन्छ । एक प्रयोजनका लागि स्थापित

उद्योगबाट उत्पादित वस्तु अन्य उद्योगको लागि कच्चा पदार्थको रूपमा प्रयोग हुने विषयमा हेर्दा लुम्बिनी चिनी कारखाना, वीरगञ्ज चिनी कारखाना, श्री डिष्टिलरी प्रा. लि., गुरांस डिष्टिलरी प्रा. लि. आदिबाट सो कुराको पुष्टि भएको देखिन्छ। माथि विवादित त्रिवेणी डिष्टिलरीलाई निम्न कोटीको मदिरा उत्पादन गर्ने र तोकिएको क्षेत्रमा निम्न कोटीको मदिरा बिक्री वितरण गर्न पाउने इजाजत भए अनुसार सूचनाको शर्त बमोजिम पेटेण्ट स्टील प्लाण्ट स्थापना गरेको र त्यसबाट उत्पादित रेक्टीफाइड स्प्रीटमध्ये कानून बमोजिम निम्न कोटीको मदिरामा प्रयोग भएको जति ठेक्का प्राप्त जिल्लामा प्रयोग गरेको र बढी भएको रेक्टीफाइड स्प्रीटका हकमा अन्त:शुल्क विभागको आदेशले अन्य डिष्टिलरीहरूबाट माग गर्न आउनेहरूलाई लाग्ने अन्त:शुल्क लिई बिक्री वितरण गरेको पनि देखिन आयो।

प्रस्तुत विवादमा केही कानूनी र प्रकृयागत कुराहरू एक आपसमा विरोधाभासपूर्ण हुन् कि भन्ने तथ्य अनुसन्धानको क्रममा देखिन आयो। मदिरा ऐनले रेक्टीफाइड स्प्रीटलाई मदिराको परिभाषाभित्र समावेश गर्छ भने सो मदिरा मध्ये कुन कुन मदिरा उत्पादन गर्ने उद्योग स्थापना गर्न औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा ९ को अनुसूची २ मा रहेका वियर तथा मदिरा पन हो। उद्योग विभागको पत्रानुसार उच्च कोटीको मदिरा र रेक्टीफाइड स्प्रीट उत्पादन गर्ने उद्योग स्थापना गर्न सो विभागको इजाजत लिन पर्छ भन्न देखियो। तर निम्न कोटीको मदिरा उत्पादन गर्ने डिष्टिलरी स्थापना गर्न उद्योग विभागको इजाजतको आवश्यक नभई सो विषय रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० अन्तरगतको विषय भएकोले निम्न कोटीको मदिरा प्रशासन गर्ने काम अन्त:शुल्क विभागबाटै हुनु स्वाभाविकै हो। तर त्यस्तो निम्न कोटीको मदिरा उत्पादन गर्ने प्लाण्टको स्थापना गर्ने पक्षको इच्छामा छोडेपछि निजहरूबाट स्थापित प्लाण्टबाट उच्च कोटीको मदिरा एकातर्फ उत्पादन हुन सक्ने हुन्छ भने अर्को तर्फ जुन प्रयोजनको निम्ति डिष्टिलरी स्थापनाको इजाजत दिएको हुन्छ सो निस्प्रयोजन पनि हुन सक्ने देखियो। प्रस्तुत सन्दर्भमा अन्त:शुल्क विभागले त्रिवेणी डिष्टिलरीलाई रेक्टीफाइड स्प्रीट उत्पादन र बिक्री वितरण गर्ने इजाजत दिंदा लिइएका आधारहरू हेर्दा रेक्टीफाइड स्प्रीट डिष्टिलरीहरूले माग गरेकोमा विभागले तोकेको ठाउंबाट लिनु पर्ने भएकोले जहां सो उपलब्ध हुन्छ त्यहींबाट दिन सकिने र नेपाल अधिराज्यमा उपलब्ध नभए भारतबाट ल्याउन समेत स्वीकृती दिनुपर्ने हुंदा आफ्नै देशमा सो उपलब्ध छ भने कानून बमोजिम अन्त:शुल्क तिरी लैजान दिन अनुमति दिनु गैर कानूनी होइन भन्ने आधार रहेको देखियो।

हालसम्म प्राप्त विवरण हेर्दा र अन्त:शुल्क विभागबाट यस सम्बन्धमा भए गरेका कारवाई हेर्दा निम्न कोटीको मदिरा उत्पादन गर्ने प्रयोजनार्थ स्थापित डिष्टिलरीहरूलाई अधिराज्यका जुनसुकै जिल्लाका डिष्टिलरीहरूबाट माग भएको रेक्टीफाइड स्प्रीट बिक्री वितरण गर्न पाउने इजाजत दिने गरेको नभई रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० बमोजिम लगाइएको ठेक्का पट्टामा सोही ऐन बमोजिम प्राप्त ठेक्काको अवधिको लागि मदिरा ऐन एवं नियम अनुसार मात्र इजाजत प्रदान गर्ने गरेको देखिन्छ। निश्चित अवधिको लागि तोकिएको क्षेत्रभित्र ठेक्का पट्टाका शर्तभित्र रही निम्न कोटीको मदिरा उत्पादन र बिक्री वितरण गर्न पाउनेसम्म इजाजत दिने गरी कबूलियत भएकोमा उच्चकोटीको मदिरा भन्दा शक्तिशाली रेक्टीफाइड स्प्रीट उत्पादन गरी बिक्री वितरण गर्ने इजाजत समेत सोही निम्न कोटीको मदिरा उत्पादन गर्ने डिष्टिलरीवालालाई दिने हो भने कानूनले मदिराको वर्गीकरण गरी त्यसप्रतिको प्रशासनका लागि राखिएका प्रावधानहरू निष्कृय र प्रयोजनहीन हुन पुग्दछन्। काम कारवाईको सिलसिलामा कुनै कुरा असंगतिपूर्ण वा अव्यवहारिक देखिएमा त्यसको बाधा अड्काउ फुकाउन र एक आपसमा समन्वय कायम गर्न आफूभन्दा माथिल्लो निकायमा पेश गरी भएका आदेश निर्णय बमोजिम काम गर्नु प्रत्येक राष्ट्र सेवकको कानूनी दायित्व हुन्छ। रूपन्देहीस्थित त्रिवेणी डिष्टिलरीलाई रेक्टीफाइड स्प्रीट बिक्री वितरण गर्न इजाजत प्रदान गर्ने अन्त:शुल्क विभागका महानिर्देशकले निर्णय लिंदा त्यसतर्फ जानाजान वेवास्ता गरी आफूलाई अख्तियारी नभएको र उत्पादन कर्ताले बिक्री वितरण गर्ने इजाजतको समेत माग नगर्दैको अवस्थामा स्वत: नीतिगत रूपमा रेक्टीफाइड स्प्रीट बिक्री गर्न खुल्ला गर्ने निर्णय लिएको देखियो। यसबाट भविष्यमा राजस्वमा पर्न सक्ने असरलाई वेवास्ता गरी आफूलाई अख्तियारी भएको विषय हो होइन सोतर्फ समेत वेवास्ता गरेको पाइयो। अत: रेक्टीफाइड स्प्रीटलाई नियन्त्रित, व्यवस्थित एवं व्यवहारिक रूपमा सरल प्रशासन गर्ने प्रयोजनार्थ के कस्तो व्यवस्था गर्न वाञ्छनीय र कानूनसंगत हुन्छ त्यस बारे श्री ५ को सरकार, अर्थ मन्त्रालयले त्यस विषयका विशेषज्ञहरूको प्रतिवेदन लिई निर्णय लिनु वर्तमान सन्दर्भमा सम-सामयिक हुने देखिएकोले मन्त्रालयलाई आयोगको तर्फबाट सुझाव प्रस्तुत गरिएको छ। यसै सिलसिलामा बिक्रीकर तथा अन्त:शुल्क विभागको मिति २०५१।६।१३ को जवाफी पत्रमा "आफ्नो सबै डिष्टिलरीबाट उत्पादित रेक्टीफाइड स्प्रीट अरूलाई बिक्री नगरी आफै कच्चा मालको रूपमा प्रयोग गरी अन्त:शुल्क लाग्ने तयारी वस्तु मदिराको उत्पादन गर्ने सबै डिष्टिलरीहरूले तयारी वस्तुमै दरवन्दी बमोजिम

जो लाग्ने अन्त:शुल्क, बिक्रीकर आदि बुझाउने व्यवस्था रहेको" भन्ने उल्लेख गरेको छ। उक्त कुरा कानूनको समानताको सिद्धान्तसंग मेल खाने वा नखाने के हो सोबारे पनि निर्क्यौल गर्नु पर्ने देखिन आयो। निम्न कोटीको मदिरा उत्पादन गर्ने ठेक्का प्राप्त गरेका डिष्टिलरीवालाहरूमध्ये रेक्टीफाइड स्प्रीट उत्पादन गर्न सक्ने क्षमता भएको डिष्टिलरीवालाले उत्पादित रेक्टीफाइड स्प्रीटको अन्त:शुल्क नतिरी सोबाट तयारी वस्तु मदिरा उत्पादन भएपछि मदिरामा लाग्ने अन्त:शुल्क र बिक्री कर तिरे पुग्ने तर रेक्टीफाइड स्प्रीट अन्यत्रबाट खरीद गर्नु पर्ने डिष्टिलरीवालाले भने रेक्टीफाइड स्प्रीटको मूल्यका अतिरिक्त प्रति लीटर तोकिएको दरवन्दी बमोजिमको अन्त:शुल्क पनि तिर्नु पर्ने भन्ने भनाई विभागको हो भने भविष्यमा मूल्यको कारणले डिष्टिलरीमाथि एकाधिकार स्थापना हुने एकातर्फ प्रबल संभावना देखियो भने अर्कोतर्फ वर्तमान डिष्टिलरी प्रशासनमा पक्षपात हुन पुगेको मान्नु पर्ने हुन्छ। अत: यसबारे वास्तविकता के हो अर्थ मन्त्रालयले छानविन गरी यदि कानूनत: त्यसरी छुट नपाउनु पर्ने रेक्टीफाइड स्प्रीटको अन्त:शुल्क छुट पाएका रहेछन् भने सम्पूर्ण हिसाब गरी कानून बमोजिम भराउनु पर्ने र नतिर्नु पर्ने अन्त:शुल्क डिष्टिलरीहरूले तिरिरहेका रहेछन् भने सो पनि निजहरूले कानून बमोजिम फिर्ता पाउनु पर्ने हुंदा यस बारे मन्त्रालयबाट सबै छानविन गरी निर्क्यौलमा पुगी तीन महीना भित्र यस आयोगले जानकारी पाउनु अनुरोध गरिएको छ।

२. माथि उजूरी व्यहोराको प्रकरण (ख)मा वर्णित उजूरीको सम्बन्धमा छानवीन गर्दा अन्त:शुल्क विभागको ०४९।१२।२४ को सूचना अनुसार आव्हान गरिएको बोलपत्रमा रूपन्देहीमा जम्मा तीन जनाको बोलपत्र परेकोमा रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठको सम्बन्धमा बढी रू. ८१ लाख, चितवनमा परेको जम्मा ६ वटा बोलपत्रमध्ये रोहित प्रसाद र सोवित प्रसाद श्रेष्ठको सबभन्दा बढी रू. ४१ लाख ५० हजार र नवलपरासीमा परेका तीनवटा बोलपत्रहरूमध्ये रोहित प्रसाद र सोवित प्रसाद श्रेष्ठको सबभन्दा बढी रू. १ करोड ४१ लाख २० हजारका बोलपत्रहरू परेकोमा टेण्डर खोली सकेपछि सबभन्दा बढी अंक कबोल गर्ने रोहित प्रसाद र सोवित प्रसादविरूद्ध टेण्डर फाराम भर्ने निर्देशिकाको दफा ३१ अनुसार नीजहरूका बाबु लाल प्रसाद श्रेष्ठले सो भन्दा अघिल्लो वर्षमा नागमतीका ८ जिल्ला र नवलपरासी एक समेत ९ जिल्लाको ठेक्का पाए बापत अन्त:शुल्क र बिक्रीकर करोडौं रूपैयां तिर्न बांकी रहेको हुंदा रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा २० अनुसार पारिवारिक दायित्व नीजहरूले समेत बोक्नु पर्ने हुंदा नीजहरूलाई ठेक्का नदिइयोस् भन्ने उजूरीमा

विभागले बोलपत्रवालाहरूसंग निवेदन लिई पछि ठहरेमा सो रकम समेत नीजहरूको घरघरानाबाट असूल उपर गर्ने गरी बढी बोलपत्रवालाहरू रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठका नाउंमा ठेक्का बन्दोबस्त गर्ने निर्णय गरेको पाइयो । प्रस्तुत विषयमा आयोगबाट छानवीन गरी टेण्डरदाताहरू रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठ एवं नीजहरूका बाबु लाल प्रसाद श्रेष्ठलाई समेत आयोगमा उपस्थित गराई वयान लिई कागजात हेर्दा सो भए गरेको तथ्य देखिन आएकोले यसवारे तिर्नु बुझाउनु पर्ने सरकारी रकम किन तिर्नु भएन भनी सोधनी गर्दा छोराहरूले बाबुसंग अलग कारोवार भएको हुंदा आफूलाई सोबारे जानकारी नभएको अनभिज्ञता व्यक्त गरेका र बाबुले आफूले ठेक्का प्राप्त गरेको व्यहोरा सांचो हो तर सोही क्षेत्रमा आफूलाई एकलौटी संचालन गर्न दिने पहिला निर्णय गरी मसंग कबुलियत गराई सकेपछि पुनः सोही क्षेत्रमा सोही अवधिको लागि अर्को ठेकेदारलाई पनि ठेक्का दिएकोले अन्यायमा परी अदालतको शरणमा गएको थिएं । अदालतको निर्णय अनुसार तिर्न बुझाउन मलाई मन्जुर छ भनी वयान गरेका छन् । रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठले प्राप्त गरेको माथि उल्लेखित चितवन, नवलपरासी र रूपन्देही जिल्लाको निम्न कोटीको मदिरा उत्पादन र बिक्री वितरण गर्ने ठेक्का दिने गरी गरेको निर्णय सदर बदर के हुनु पर्ने भन्ने विषयमा आयोगबाट निर्णय हुने नभई ठेक्का दिंदाको अवस्थामा पार्टि र अन्तःशुल्क विभाग एवं कार्यालयका कर्मचारी एक आपसमा मिलोमतो गरी बदनियतसाथ लिनु खानु गरी आफूहरूलाई गैर कानूनी लाभ र सरकारलाई गैर कानूनी हानी पुऱ्याएको हो होइन भन्ने बारेमा निर्णय लिनु पर्ने देखियो । लाल प्रसाद श्रेष्ठले ठेक्का लिए बापत तिर्न बुझाउनु बांकी रहेको सरकारी रकम निजका छोराहरूबाट असूल उपर गर्नु पर्ने हो होइन भन्ने बारे निर्णय गर्दा प्रचलित ऐन नियम बमोजिम सक्षम अदालतबाट फैसला गर्नु पर्ने हुन्छ । बोलपत्र भर्ने निर्देशिकाको शर्तले अन्तःशुल्क र बिक्रीकर लगायत ऐनका म्याद भित्र भुक्तान गर्नु पर्ने राजश्व रकम बांकी रहेका डिष्टिलरी वा आपूर्तिकर्तालाई ठेक्का दिइने छैन भन्ने शर्त राखेको र रकम र सरकारी ठेक्का बन्दोवस्त ऐन, २०२० को दफा २० ले त्यस्तो सरकारी रकम बुझाउन बांकी भएकोमा असूल उपर गर्दा सबै अंशियारको दायित्व रहने कुरा उल्लेख गरेको हुंदा बोलपत्र भर्ने निर्देशिकाको शर्त र ऐनको सो व्यवस्था एकआपसमा भिन्न भिन्न रूपमा रहेको मान्नु पर्ने हुन्छ । तर हाल ठेक्का प्राप्त गर्ने रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठका बाबु लाल प्रसाद श्रेष्ठ रहे भएको कुरा पुष्टि भइसकेपछि उठाउन बांकी राजस्व यथा समयमै असूल उपर गर्नु पर्ने

दायित्व भने ठेक्का सदर गर्ने अधिकारीले पूरा गर्नु पर्ने नै थियो । यस सम्बन्धमा अन्त:शुल्क विभागसंग लेखापढी गर्दा जवाफी पत्रानुसार नीज लाल प्रसाद श्रेष्ठले प्राप्त गरेको ठेक्काको अवधि २०५० साल असार मसान्तसम्म रहेको, छोराहरूसंग कबूलियत २०५० जेठ २५ गतेकै दिन भइसकेको हुंदा छोराहरूसंग कबूलियत गर्दाका अवस्थामा ठेक्काको म्याद बांकी रहेको रं म्याद बांकी रहेको र म्याद भुक्तान भएपछि पनि एक महिना बुझाउनेम्याद ऐनल नै दिएको हुंदा त्यस्तो अवस्थामा बुझाउन बांकी रहेछ भने टेण्डर रद्द गर्न नमिल्ने भनी पत्र प्राप्त भएको देखियो । समग्रमा हेर्दा रोहित प्रसाद श्रेष्ठ र सोवित प्रसाद श्रेष्ठले कानून बमोजिम टेण्डर दिएका र विभागबाट बोलपत्र स्वीकार गर्दाको अवस्थामा पनि सबभन्दा बढी बोलपत्रवालालाई सबभन्दा बढी अंक बोलकबोल गर्ने बोलपत्रवालालाई नै ठेक्का दिने निर्णय भएको हुंदा उजूरवालाले उजूरीमा ठेक्का बदर गरी पाउं भनी गरेको जिकिर तथ्यसंग मेल नखाने देखियो । कानून बमोजिम प्रकाशित सूचनाको म्याद भित्र परेका टेण्डरमा छानवीन गरी सबभन्दा बढी अंक कबोल गर्नेलाई ठेक्का दिने निर्णय गरेको विषयलाई एक आपसमा मिलोमतो गरी ठेक्का दिएको भन्न नमिल्ने भएतापनि सरकारी रकम बांकी रहेकोमा असूल गर्ने कुरामा तदारूकता देखाएको भन्न मिल्ने चाहिं भएन । अनुसन्धानको क्रमबाट सो कुरा पुष्टि भएकोले आयोगबाट नीज ठे. लाल प्रसाद श्रेष्ठसंग अन्त:शुल्क विभागको २०५१।२।२९ को पत्रबाट असूल गर्न बांकी देखाइएको रू. एक करोड चार लाख पच्चीस हजार चार सय एघार पैसा एकाउन्न धरौटी माग गरी नीज लाल प्रसाद श्रेष्ठले रू. एक करोड पांच लाखको नेपाल बैंक लि. शाखाको परफरमेन्स वण्ड जमानी पत्र पेश गरेका थिए । यस आयोगले उक्त बैंक ग्यारेण्टीबाट माथि उल्लेख भए बमोजिमको उठाउन बांकी रकम श्री ५ को सरकारको राजस्व खातामा जम्मा गराउन आवश्यक कारवाई चलाई मिति २०५१।७।२४ मा जम्मा गराई असूल उपर समेत भै सकेको छ । यस उप्रान्त कानून बमोजिम निजसंग असूल गर्नु पर्ने विलम्ब शुल्क लगायतका अन्य रकम बांकी भए सो असूल गर्ने तर्फ अन्त:शुल्क विभागले आवश्यक कारवाई गर्नु पर्ने देखिन्छ ।

(३) रेक्टीफाइड स्प्रीट बिक्री वितरण गर्न पाउने गरी इजाजत दिने निर्णय गर्दा र बोलपत्र भर्ने निर्देशिकामा उल्लेखित शर्त अनुसार राजस्व बांकी छदै ठेक्का स्वीकृत गर्दाको अवस्थामा माथि विभिन्न प्रकरणमा उल्लेख भए बमोजिमको काम कारवाई गरी पदीय कर्तव्य उचित ढंगबाट पालना गरेको नदेखिएकोले निम्नलिखित सार्वजनिक पदधारण गरेका व्यक्तिहरूको हकमा निम्नानुसार सजाय हुन श्री ५ को सरकार

अर्थ मन्त्रालयमा लेखिपठाएको छ ।

(१) बिक्रीकर तथा अन्तःशुल्क विभागका महानिर्देशक श्री जैनेन्द्र जीवनलाई गो भन्दा अगाडि यसै आयोगबाट पनि सचेत गराउने गरी निर्णय भइसकेको हुंदा प्रस्तुत विवादको हकमा निजलाई विभागीय कारवाई गर्न लेखि पठाइएको ।

(२) शाखा अधिकृत सनत कुमार रेग्मीको हकमा रेक्टीफाइड स्प्रीट बिक्री वितरण गर्ने सम्बन्धमा प्रचलित कानूनले गरेको व्यवस्था र आफनो अख्तियारीतर्फ ध्यान नपुऱ्याई महानिर्देशकलाई सो निर्णय गर्ने काममा उत्प्रेरित गरेको देखिंदा निजलाई पहिलो पटक भएकोले सचेत गराउन लेखी पठाइएको ।

२. मोरङ्ग जिल्ला विकास समितिले उर्लाबारी वरडंगाको लगभग ७ कि.मि. सडकमा बगस कटिंग तथा फिल्टर गिट्टी बिछ्याउनको साथै रोड रोल समेत गर्न भनी आव्हान गरेको बोलपत्रमा बोलपत्रको सामान्य व्यवहार उल्लंघन गरी ठेक्का दिएकोमा जिल्ला विकास समितिमाथि भ्रष्टाचारको आरोप लागेको छ भनी स्थानीय साप्ताहिक पत्रिकामा छापिएको समाचारलाई यस आयोगमा उजूरी निवेदन सरह लिई अनुसन्धान अधिकृत नियुक्त गरी अनुसन्धान तहकिकात गरिएको थियो । अनुसन्धान तहकिकातबाट प्रस्तुत केसमा भ्रष्टाचार नै भए गरेको भनी पुष्टि हुन सक्ने देखिन आएन । तर बोलपत्र स्वीकृत गर्दा प्रचलित आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०४२ अनुरूप साधारणतः सबभन्दा घटी दरवालाको बोलपत्र स्वीकृत गर्नु पर्ने व्यवस्था भएकोमा सो बमोजिम नगरी उक्त व्यवस्थालाई गलत रूपमा व्याख्या गरेको र न्यूनतम भन्दा रू. २४।८२ बढिवालाको बोलपत्र स्वीकृत गरिएकोमा बढिवालाको बोलपत्र स्वीकार गरिंदा सो को स्पष्ट कारण खोल्नु पर्ने र एक तह माथिको अधिकृतको पूर्व स्वीकृति लिनु पर्ने नियमको व्यवस्था पालना गरेको पनि नदेखिएको हुंदा बोलपत्र स्वीकृत गर्ने नि. स्थानिय विकास अधिकारी श्री नारायण प्रसाद उपाध्यायलाई सचेत गराइएको ।

३. वन तथा भू-संरक्षण मन्त्रालय अन्तरगतका वन अनुसन्धान महाशाखाका उप-निर्देशक केदार प्रसाद प्रजापतिले आफ्ना नातागोतालाई अन्य देशमा ट्रंक गरी टेलिफोनको रकम दुरुपयोग गरेको, जनकपुरको पुष्पलपुरमा रेन्जर क्वार्टर बनाउंदा भ्रष्टाचार गरेको, तालीममा कर्मचारीहरूलाई खटाउंदा मरमोलाहिजा र घूस पेशको आधारमा पठाउने गरेको, अनियमित किसिमबाट आफ्नो घरमा टेलिफोन जडान गरेको, २ वटा टाइप राइटर खरीद गर्दा टाइपराइटर नै नल्याई आषाढ मसान्तमा चेक काटेर श्रावण महिनाको

अन्त्यतिर ल्याई भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजूरी सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात हुंदा उजूरी निवेदनमा उल्लेखित कुराहरू तथ्यमा आधारित रहेका पाइएनन् । तथापि आर्थिक वर्षको अन्त्यमा आएर खरीद गरेका टाइपराइटरका सम्बन्धमा प्रचलित आर्थिक प्रशासन सम्बन्धि नियमको व्यवस्था अनुरूप प्रोप्राइटरी माल सामानको परिभाषालाई गलत रूपमा व्याख्या गरी सामान खरीद गरेको पाइएको हुंदा नीज केदार प्रसाद प्रजापतिलाई सचेत गराउनु पर्ने देखिएको तर नीजले हाल अवकास प्राप्त गरी सकेकोले केही गरिरहनु पर्ने देखिएन ।

४. जलश्रोत मन्त्रालय अन्तरगतका जल तथा मौसम विज्ञान विभागका महानिर्देशक शरद प्रसाद अधिकारी र वरिष्ठ जल विज्ञान विज्ञ आदर्श प्रसाद पोखरेलको मिलोमतोमा नीज आदर्श प्रसाद पोखरेलको नोकरी अवधि ३० वर्ष पुगीसकेको भएपनि शुरू नियुक्ति गायव गरी हालसम्म कार्यरत भैरहेको र विभिन्न निर्माण कार्यहरूमा अनियमित तरिकाबाट कर्मचारीहरूलाई २ लाख देखि २५ लाखसम्म पेश्की दिई टेण्डरबाट गराउनु पर्ने कार्य कोटेशनबाट गराई भ्रष्टाचार गरे भन्ने विषयमा यस आयोगसमक्ष पर्न आएको उजूरीको सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तथा तहकिकात हुंदा नीज आदर्श प्रसाद पोखरेलको शुरू नियुक्ति २०२०।५।१४ मा विकासतर्फ भई २०२४।४।३२ मा साधारणतर्फ सरूवा भएको र मिति २०२४।७।१ देखि पुन: विकास तर्फको अस्थायी ओभरसियर पदमा सरूवा भएको । यस विषयमा जलश्रोत मन्त्रालयमा पनि उजूरी परी त्यहांबाट छानविन भई २०२०।५।१६ गते देखिकै सेवा अवधि गणना हुनु पर्ने भनी २०५१।२।१० मा निर्णय गरी सोही बमोजिम नोकरी अवधि जोडिदिन सामान्य प्रशासन मन्त्रालय निजामती किताबखानालाई लेखी पठाउंदा त्यहांको मिति २०५१।८।२९ को पत्रानुसार नि.से.नि. २०५० को नियम १२३ को (ख) बमोजिम साधारण पदमा सेवा गरेको अवधि समेट्न नमिल्ने र नीज विकास तर्फको पदमा अविछिन्न नरहेको कारणबाट पूर्व निर्णय नै कायम गरी (२०२४।७।१ देखि २०२७।३।२९ सम्मको) विकासको नोकरी २०२७।३।३० को स्थायी नोकरीमा जोडिएको भन्ने मन्त्रालयबाट लेखिआएको र यस आयोगबाट पनि यसै विषयमा परेको पूर्व उजूरीको सम्बन्धमा निजामती किताबखानाले नोकरी जोडेको कुरालाई नै मान्यता दिई तामेलीमा रहेकोले निजामती किताबखानाले गरेको निर्णयलाई अन्यथा भन्न मिल्ने नदेखिंदा यस सम्बन्धमा केही गरिरहन परेन ।

निर्माण कार्यमा अनियमितता भयो भन्नेतर्फ इन्जिनीयर र ओभरसियरहरूलाई विभिन्न मितिमा पेश्की दिई कार्य गरे गराएको देखिएको तर त्यो कार्य अर्थ मन्त्रालयको स्वीकृति र आ.प्र. नियमहरू, २०४२ को नियम २२ को उपनियम५ (क) (५) बमोजिम

गरेको पाइएको एवं म.ले.प. को विभागबाट समेत लेखापरीक्षण हुंदा कुनै अनियमित भएको भन्ने समेत नदेखिएकोले भ्रष्टाचार गरे भन्ने कुरा पुष्टि हुन आएन ।

अफिस भवन निर्माणमा कोटेशनबाट काम गराई ४०% प्रतिशत रकम खाए भन्ने सम्बन्धमा अनुसन्धान हुंदा यसै विषयमा सार्वजनिक लेखा समितिबाट ३ महिनाभित्र सचिवले छानविन गरी प्रतिवेदन गर्न आदेश दिए बमोजिम जलश्रोत सचिवबाट छानविन गरिंदा कुनै अनियमितता भएको नदेखिएको भन्ने प्रतिवेदन रहेको । हीमनदी तथा हीमजल विज्ञानको अध्ययनको लागि कान्जिरोवा स्टेशन निर्माण गर्ने कार्य विभागबाट नभई जि.टि. जेड (जर्मन) बाट सोझै प्रत्यक्ष खर्च गरेको पाईएकोले उजूरी निवेदनमा उल्लेखित वुंदाहरू तथ्यमा आधारित रहेको पाईएनन् ।

५. राष्ट्रिय वाणिज्य बैंक रानी शाखाबाट एभरेष्ट इण्डष्ट्रिज प्रा.लि. लाई कर्जाप्रवाह गर्दा अनियमित गरे भन्ने समेतको विषयमा यस आयोगमा परेको निवेदन उपर अनुसन्धान हुंदा रा.वा. बैंक रानीशाखाबाट एभरेष्ट इण्डष्ट्रिज प्रा.लि. का नाममा कर्जा नं. २०।१३७,२०।१३८, २०।१४२, २०।१३०, १९।६८, शिव डाइङ एण्ड प्रिंटिङका नाममा कर्जा नं. २०।९०, २०।१४३, एभरेष्ट ओभरसिज कम्पनीका नाममा कर्जा नं. २०।०८, २०।४१, २०।४३, शारदा ट्रेडर्सका नाममा कर्जा नं. २०।१९ र शुभ स्टोर्सका नाममा कर्जा नं. १९।९० बाट प्रवाहित कर्जा मध्ये कर्जा नं. २०।०८, २०।४१ र कर्जा नं. १९।९० बाट प्रवाहित कर्जा चुक्ता भैसकेको र अन्य कर्जाहरूको सम्बन्धमा पनि कारवाही भइरहेको बैंकको स्थलगत निरिक्षणको क्रममा देखिएको, संलग्न कागजातमा २०५१।१०।२० मा पुरानो कर्जामा जम्मा हुने गरी सण्डिक्रेडिटर्स हिसावमा रू. ३,००,०००।- जम्मा गरेको र एभरेष्ट इण्डष्ट्रिज प्रा.लि., शिव डाइङ एण्ड प्रिण्टर्स, एभरेष्ट ओभरसिज कम्पनी समेतको पुरानो कर्जा समेतको लागि एभरेष्ट इण्डष्ट्रिजका नाउंमा दर्ता रहेको फैक्ट्री भवन, गोदाम घर, जग्गा मिति २०५१।५।२२ मा सुरक्षण वापत बैंकका नाममा रू. ५०,००,०००।- को धितो वन्धक पारित गरेको प्रमाण संलग्न रहेकाले बैंकले कर्जा असूलीका लागि कारवाही चालु राखेको देखियो । यसर्थ यस विषयमा बैंकबाट आफ्नो ऋण असूली तर्फ कारवाही गरिरहेकाले कारवाही गरी रहन पर्ने देखिएन । साथै राष्ट्रिय वाणिज्य बैंक रानी शाखाबाट सगरमाथा काष्ठ उद्योगको नाममा कर्जा नं. २१।१९५, २२।७६ अलका ट्रेडर्सका नाममा कर्जा नं. २२।३६ र २२।४३ बाट प्रवाह भएको कर्जा सम्बन्धमा जिल्ला मोरङ्ग कटहरी वजार वडा नं. १ बस्ने सूर्य प्रकाश मारूले मोरङ्ग जिल्ला गा.पं. कटहरी वडा नं. ४ को जग्गा ०-७-१८ र सोमा बनेको घर समेत बैंकका नाममा मिति २०४३।१।१७ मा मालपोत कार्यालय मोरङ्ग बाट धितो बन्धक पास भै राखेको पाइएको

र सोही लिखतमा यसबाट पनि बैंकले लिनु पर्ने ऋण असूल उपर हुन नसकेमा अन्य चल तथा अचल सम्पत्तिबाट कानून बमोजिम असूल उपर गरी लिएमा मेरो मञ्जुरी छ भन्ने उल्लेख भएकोले उक्त लिखतमा परेको घर जग्गाको स्थलगत निरीक्षण गर्दा जिल्ला भवन कार्यालय तथा मालपोत कार्यालय मोरङबाट प्रति कट्ठा रू. ४०,०००।- र घरको मूल्य रू. ३,८२,०८५।०३ मूल्यांकन भएको हुंदा यी सम्पूर्ण कुराहरूलाई हेर्दा यसमा भ्रष्टाचार गर्ने नियतले काम गरेको भन्न सकिने अवस्था नभएपनि प्रस्तुत कर्जाका सम्बन्धमा लगानी भएको रकम असूल उपर गर्ने सम्मको विषय हुंदा बैंक नियमानुसार तदारूकतासाथ कर्जा असूल उपर गर्न राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

६. नेपाल कोल लिमिटेडका महाप्रवन्धक समेतले कोइला आयात गर्दा हिनामिना गरेको र तत्सम्बन्धमा सम्झौता गर्दा बढी मात्रामा प्राप्त हुनु पर्नेमा घटी लिने गरी सम्झौता गरेको, जग्गा खरीद, भवन निर्माण, टेलिफोनको शुल्क, औषधी उपचार खर्च समेतमा भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदन उपर अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

१. सम्झौता अनुसार ३०० मे. ट. कोईला प्राप्त हुनु पर्नेमा ३० मे.ट. प्राप्त गर्ने सम्झौता गरी हानी नोक्सानी पारेको भन्ने विषयको उजुरीमा २०४७।४।२५ मा तत्कालीन अख्तियार दुरुपयोग निवारण आयोगबाटै निर्णय भइसकेकोले यस तर्फ विचार गरिरहनु परेन । यसरी सम्झौता अनुसार प्राप्त हुनु पर्ने ३० मे.ट. कोइला पनि प्राप्त हुन नसकेको र यसो हुनुमा तत्कालीन महाप्रवन्धक तथा नायव महाप्रवन्धक दुवै जिम्मेवार देखिन आएकोले नीजहरूलाई नेपाल कोल लिमिटेड, कर्मचारी सेवा सम्बन्धी नियमावली, २०४४ अनुसार विभागीय कार्यवाही गर्नु पर्नेमा अध्यक्ष तथा महाप्रवन्धक पशुपति प्रताप शाह हाल सेवामा नरहेकोले नीजलाई विभागीय कार्यवाही गरिरहनु पर्ने स्थिति नरहेको र बहालमा रहेका नायव महाप्रवन्धक विष्णुराज अर्यललाई नियमानुसार विभागीय कार्यवाही गरी लापरवाहीबाट नोक्सानी भएको ३० मे.ट. कोईला वापतको रकम नियमानुसार तत्कालीन महाप्रवन्धक तथा नायव महाप्रवन्धकबाट असूल उपर गर्ने कार्यवाहीका लागि आपूर्ति मन्त्रालयमा लेखि पठाइएको ।

२. नेपाल कोल लिमिटेड, कर्मचारी सेवा सम्बन्धी नियमावली, २०४४ को नियम ७.५ (ङ) मा बढीमा ५० हजारसम्म संचालक समितिले औषधि उपचार सम्बन्धमा आर्थिक सहयोग गर्न सक्नेमा संचालक समितिले महाप्रवन्धक पशुपति प्रताप शाहलाई माग अनुसार रु. ३,२८,४५।५८ औषधी उपचार खर्च गर्न गरेको सिफारिस अनियमित

हुने हुंदा नीज शाहले लिएको उल्लेखित रकममध्ये नियम बमोजिम संचालक समितिले औषधी उपचारको लागि सिफारिस गर्न सक्ने रू. ५०,०००।- कटाई बांकी अनियमित रूपमा भुक्तानी लिने पशुपति प्रताप शाहबाट नियमानुसार असूल उपर गर्ने कारवाईको लागि आपूर्ति मन्त्रालयमा लेखिपठाइएको छ ।

३. तत्कालीन महाप्रवन्धक पशुपति प्रताप शाह विदा लिई विदेशमा गै औषधी उपचार गराउदै रहेको अवस्थामा नीजको निवासस्थानमा रहेको टेलीफोन नीजले प्रयोग गरेको भन्न नमिल्ने हुंदा साधारणतया न्यूनतम शुल्कसम्म कम्पनीले व्यहोर्नु स्वाभाविकै हुन्छ, न्यूनतम भन्दा बढी भएको खर्च सुविधाको रूपमा पाउन नसक्ने हुंदा विदेशमा रहेको समयमा बुझाएको महसूलमध्ये न्यूनतम रकम कटाई बढी रकम कम्पनीले व्यहोर्नु कानूनत: नमिल्ने हुंदा न्यूनतम भन्दा बढी खर्च भएको रकम रू. ५०,८३७।- नियमानुसार नीजबाट असूल उपर गर्ने कारवाहीका लागि आपूर्ति मन्त्रालयमा लेखि पठाइएको ।

४. कोइला आयात बिक्री वितरण सम्वन्धमा निर्धारित नियमानुसार समय समयमा हुनु पर्ने कार्य भए गरेको देखिन नआएबाट संस्थानको छविमा आघात परेको देखिन आएकोले उल्लेखित विवरणलाई मध्ये नजर राखी नियम बमोजिम कार्य संचालन गराउनेतर्फ नेपाल कोल लिमिटेडलाई सचेत गराउन समेत आपूर्ति मन्त्रालयमा लेखि पठाइएको ।

७. नेपाल कोल लिमिटेडका अध्यक्षले लिन नहुने आर्थिक सहुलियत लिएको तथा वीरगञ्ज शाखा प्रमुखले कोईला आयात गर्दा जती देखाई चोरी बिक्री गरे भन्ने समेत विषयको उजूरी निवेदन सम्वन्धमा अनुसन्धान हुंदा नेपाल कोल लिमिटेडका तत्कालिन अध्यक्ष प्रल्हाद बहादुर कार्कीले कम्पनिको साधारण सभाबाट अधिकार प्रत्यायोजित भई संचालक समितिबाट निर्णय भए बमोजिम बिल भरपाई पेश गर्नु नपर्ने गरी टेलिफोन सुविधा वापत रू. १०००।-, मसलन्द वापत रू. १५००।- तथा अतिथिसत्कार वापत रू. १५००।- समेत गरी मासिक रू. ४०००।- का दरले हुने २ वर्षको रकम रू. ९६,०००।- अर्थ मन्त्रालयको परामर्श वेगर लिएको देखिन आयो । संचालक समितिको निर्णयानुसार उपरोक्त रकम भुक्तानी लिएकोमा भ्रष्टाचार गरेको भन्न नमिल्ने तर अर्थ मन्त्रालयको परामर्श लिनु पर्नेमा नलिएको हुंदा लिन खान नपाउने रकम रहेछ भने नियमानुसार नीज अध्यक्षबाट असूल उपर गरि लिन आपूर्ति मन्त्रालयमा लेखि पठाइएको ।

८. भारतको हजारीवाग वस्ने भारतीय नागरिक आदित्य बिक्रम सिंह र पृथ्वी बिक्रम सिंहले

जिल्ला प्रशासन कार्यालयका तत्कालिन प्रमुख जिल्ला अधिकारीसंग मिलोमतो गरी घूस लिनु दिनु गरी भारतीय नागरिकलाई बंशजको नाताले नागरिकता दिए लिएको हुंदा नीज दिने लिनेहरू समेतलाई भ्रष्टाचारमा कारवाही गरिपाउं र नागरिकता वदर गर्न तथा नपाउनेले नागरिकता लिने दिने गरेकोले सम्बन्धित सवैलाई कानून बमोजिम कारवाही गरिपाउं भनि यस आयोगमा परेको उजूरी निवेदन सम्बन्धमा अनुसन्धान हुंदा नेपाल नागरिकता ऐन, २०२० अनुसार नागरिकतासंग सम्बन्धित आवश्यक कारवाही गर्नका लागि श्री ५ को सरकार गृह मन्त्रालयमा अनुरोध भई गई सकेको र नागरिकता लिंदा दिंदा भ्रष्टाचार गरे नगरेको तर्फ विचार गर्दा बुझ्नु पर्ने प्रारम्भिक प्रमाणसम्म नबुझी जिल्ला प्रशासन कार्यालय ललितपुरका तत्कालिन प्रमुख जिल्ला अधिकारी नन्द कुमार कार्कीले नागरिकता दिएकोले विभागीय कारवाही गर्नु पर्ने, तर नीजले मिति २०४८।६।४ मा नै अवकास पाई सकेको तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा कुनै सार्वजनिक पद धारणा गरेको व्यक्तिले पदबाट अवकाश प्राप्त गरेको एक वर्षभित्र नीज उपर भ्रष्टाचारको मुद्दा चलाई सक्नु पर्ने प्रावधान भएको देखिएको र एक वर्ष भन्दा बढी समय व्यतित भईसकेपछि मिति २०५१।२।१६ मा मात्र यस आयोगमा उजूरी परेकोले भ्रष्टाचार सम्बन्धमा कुनै निर्णय गरी रहन नपर्ने र आदित्य बिक्रम सिंहको नागरिकता सम्बन्धमा आवश्यक कानूनी कारवाही हुन जिल्ला प्रशासन कार्यालयमा सक्कलै प्रमाणहरू पठाई सकिएको ।

९. नेपाल आयल निगमका तत्कालीन महाप्रवन्धक समेतले तेल ढुवानी गर्दासमेत भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुंदा नेपाल आयल निगमको आर्थिक प्रशासन नियमावली, २०४३ को नियम ५ (३) विपरित रू. ५ लाख भन्दा बढीको ढुवानी गर्ने निकासा दिने आदेश दिएको र पछि समितिमा पेश गर्ने भन्ने थपेको समेत देखिन आएकोमा समितिमा पेश भई त्यस कुराको निर्णय समेत भएको देखिदैन भनी आयल निगमको पत्रबाट देखियो । १००० मे. ट. बिटुमिन ढुवानी गर्ने निकासा भएपनि ५७०-६०१ मे. ट. ढुवानी भएको र त्यसमध्ये ढुवानीकर्ताले पाउने रू. ६,८३,५७५।४८ पैसा पाइसकेको पनि देखिन आएन । उल्लेखित कार्यबाट संस्थानको महाप्रवन्धकले आफ्नो अख्तियारी भन्दा बढी खर्च गर्ने निकासा दिनु, त्यस कुराको स्वीकृति अधिकार प्राप्त संचालक समितिबाट प्राप्त गर्न नसक्नुको साथै संचालक समितिले आफ्नो अधीनस्थ महाप्रवन्धकले अनियमित तरिकाबाट अधिकार क्षेत्र उल्लंघन गरी गरेको कारवाहीउपर चासो देखाई आफ्नो अधिकार र कर्तव्यको प्रयोग गरेको देखिन नआउनुसम्मका कारवाहीलाई अनियमित कारवाही भएको देखिए पनि भ्रष्टाचार भएको भन्न मिलेन । यस सम्बन्धमा जांचबुझ र आवश्यक कारवाही गरी अनियमित भएकोमा असूल उपर गर्नु पर्ने भए गर्न तथा कारवाहीबाट

भ्रष्टाचार गरेको देखिन आए सो सम्बन्धी कारवाहीका लागि यस आयोगमा लेखी आपूर्ति मन्त्रालयलाई लेखि पठाइएको ।

१०. कपास विकास समिति, प्रधान कार्यालयबाट कीटनाशक औषधी, र वेलिङ प्रेस खरीद गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा उक्त समितिको आर्थिक नियमावली, २०४९ को परिधिभित्र रही श्री ५ को सरकारको समिति तथा एशियाली विकास बैंकबिच भएको सम्झौता अनुरूप संचालक समितिको स्वीकृतिबाट नै उत्पादक कम्पनीबाट कीटनाशक र नानचान कम्पनीको वेलिङ प्रेस खरीद गरेको देखिएको हुंदा केही गरिरहन नपरेको ।

११. नेपाल खानेपानी संस्थानका तत्कालीन प्रवन्धकसमेत ले विभिन्न ठाउंको ढल निर्माण र मर्मतको काममा भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा निम्नानुसार गरिएको :

(क) निश्चित योजना तयार गरी हचुवा तरिकाले काम नगराउन एवं नियम कानूनको पालना गर्न गराउन नेपाल खानेपानी संस्थानको संचालक समितिलाई निर्देशन दिइएको ।

(ख) पशुपति ढल निकास आयोजना पूरा हुन नसकी बागमती जस्तो पवित्र नदीमा मलमूत्र बगी प्रदूषण भएर वातावरणमा नै असर पारेको भन्ने कुरा सर्वसाधारणको चासोको विषय भएकोले पूर्व निर्धारित योजना वमोजिमको कार्य सम्पन्न भएपछि सोको जानकारी यस आयोगमा पठाउन आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखिएको ।

१२. शाही नेपाल वायुसेवा निगमको लागि ग्राउण्ड सपोर्ट इक्यूपमेन्ट अनियमित किसिमबाट खरीद गरी भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदन तथा तत्सम्बन्धी छानवीन आयोग, २०४९ को प्रतिवेदन समेतका सम्बन्धमा अनुसन्धान हुंदा निम्न अनियमितताहरू देखिन आयो :-

(क) दर भाउ पत्रबाट खरीद गरेकोमा पनि कम दरभाउदातालाई मान्यता नदिई क्याटरिंग भ्यान खरीदमा न्यूनतम आधार पनि पूरा नभएको तथा सेल्फ रेफ्रिजरेशन यूनिटलाई झिकी ट्रक ड्राइभ राखी मूल्य घटाएर कोटेशनको रकम न्यून देखाउने प्रयास गरेकोबाट ३४२६७ अमेरिकी डलर नोक्सान भएको ।

(ख) पेसेन्जर स्टेप थान २ खरीदमा एकस्टेन्शन अन अपर क्यानोपी नभएकोलाई रकम भुक्तानी दिएबाट निगमलाई १०२६२ अमेरिकी डलर प्रत्यक्ष नोक्सान भएको ।

(ग) दुवै सामान खरीदमा निगमको आर्थिक विनियमावली, २०४६ को विनियम ३.२ (घ) मा तोकिए बमोजिम बोलपत्रबाट खरीद हुनु पर्नेमा त्यसो नगरी नियमको उल्लंघन भएको ।

यसरी रेफ्रिजरेशन यूनिट हटाई ट्रक ड्राइभ राखेकोमा अरू कोटेशनदाताले त्यस स्थितिमा दरभाउ पत्र दिने मौका नपाएकोले त्यसबाट हुने क्षतिलाई आर्थिक विनियमले अनियमित मान्नु पर्ने र यसरी खरीद गरेको क्याटरिंग भ्यानमा ट्रक ड्राइभ नै राख्नु उपयुक्त हुने भए सोही अनुसार बोलपत्र माग गर्नु पर्नेमा सो नगरेको तथा एक्सटेन्सन अन अपर क्यानोपीलाई भुक्तानी दिनुबाट गम्भीर त्रुटी भएको देखिनाले भ्र. नि. ऐन अन्तरगत कार्यबाही गर्न सामान सप्लाई गर्ने दाता विदेशी नागरिक भएको र नीजले पूरै भुक्तानी बुझिसकेको अवस्था भएकोले नीज उपर दावी लिन सकिने स्थिति नभएको र त्यसरी भुक्तानी दिने उपर कार्यवाही गर्न शाही नेपाल वायुसेवा निगमका कर्मचारीको सेवा नियमावली, २०३१ को नियम ११.२.१ को देहाय (४) र नियम ११.३.४ को देहाय (घ) अनुसार व्यक्तिगत जाय जेथाबाट निगमको नोक्सानी असूल गर्न सकिने देखिएको हुंदा तदनुसार गरी कार्यवाहीको जानकारी यस आयोगमा पठाउन पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई लेखिएको ।

शाही नेपाल वायुसेवा निगमले सामान खरीद गर्दा आर्थिक विनियमावली, २०४६ को ३ (२) (घ) अनुसार रू. १,००,०००।- को बोलपत्र माग गर्ने हद, विमानको सामान खरीद गर्दाको अन्य विषय समेत आजको सन्दर्भमा व्यवहारिक पनि नदेखिएकोले आर्थिक विनियम, २०४६ लाई संशोधन गरी सो विनियमलाई पूर्ण रुपले पालना हुन सक्ने तुल्याउन सो निगमको संचालक समितिलाई आदेश दिन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ बमोजिम पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई सुझाव पठाइएको ।

१३. नेपाल खानेपानी संस्थानका प्रवन्धकले करीव ७ वर्षसम्म प्रोक्योरमेण्ट प्रमुख भै नक्कली कम्प्युटर, लुब्रिकेन्टस्, मोटर पम्प आदि सामानहरू खरीद गरी भ्रष्टाचार गरेको भन्ने समेतको उजूरी निवेदन तथा श्री ५ को सरकारद्वारा २०४९।११।१९ मा गठित नेपाल खानेपानी संस्थान, छानवीन आयोगको प्रतिवेदन समेतको विषयमा अनुसन्धान हुंदा उक्त

छानवीन आयोगको ठहर खण्डमा उल्लेख गरे अनुसारका विषयहरूमा सोही अनुसार गर्न सम्बन्धित मन्त्रालय एवं संस्थान समेत आफैले ऐन, नियम, विनियम समेत हेरी विभागीय रूपमा जे जस्तो कार्यवाही गर्न आवश्यक देखिन्छ, सो अनुसार कारवाही तथा सुधारात्मक कार्यसमेत गर्न आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखिएको ।

यस बाहेक रू. ३१,७५,७६८।५० को फिटिंग सामान स्टोरमा रहिरहनुले आवश्यकता नपरेका सामानहरू पनि खरीद गरिराख्ने प्रवृत्ति भएको र यस्तो कारवाहीबाट अनियमितता हुन सक्ने भएको हुंदा यसमा के भएको हो मन्त्रालय एवं संस्थान आफैले छानवीन गरी अनियमितता भएको ठहर भएमा सो गर्नेउपर गरिएको कारवाहीको जानकारी यस आयोगलाई उपलब्ध गराई दिन तथा यस्तो प्रकारको लापरवाही अब उप्रान्त दोहरिन नदिने व्यवस्था हुन सम्बन्धित मन्त्रालय र नेपाल खानेपानी संस्थानलाई लेखिएको ।

१४. नापी विभागमा पेश्की रकम, तामुरा एलिडेड र छपाई सामान खरीदमा समेत अनियमित गरी भ्रष्टाचार भएको भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा देहाय बमोजिम गरिएको :

(क) विभिन्न कार्यालयहरूबाट स्थलरूप नापी महाशाखाका कर्मचारीले नक्सा बनाउन भनी पेश्की लिने गरेको र सो महाशाखाले त्यसको अध्यावधिक अभिलेख राख्ने नगरेकोमा रेकर्ड राखी पेश्की फछ्यौंट असूल उपर गर्न तथा भारतबाट छपाईका सामान खरीद गर्दा आर्थिक नियम विपरीत खरीद गरेकोले यस्तो अनियमित कार्यमा बन्देज लगाउन र प्रतिस्पर्धा नगराई एलिडेड खरीद गरेको अनियमित प्रक्रियालाई आइन्दा यस्तो कार्य दोहरिन नदिन नापी विभागलाई लेखि सचेत गराइएको ।

ना.अ. दुर्गादास जोशीले पर्यटन विभागको नक्सा छाप्न भनी लिएको पेश्की रू. १,९५,४७५।- कानून बमोजिम स्थलरूप नापी महाशाखाबाट पेश्की फछ्यौंट गर्न लगाई अन्य पेश्कीको अध्यावधिक रेकर्ड तयार गरी गराई सोबाट देखिएको रकम असूल उपर समेत गर्न गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई लेखिएको ।

पर्यटन विभागले आफूले नक्सा बनाउन दिएको पेश्कीको यथोचित समयमै फछ्यौंट गर्ने गराउने तर्फ ध्यान दिनु पर्नेमा सोको चासो नराखेकोले आइन्दा यस्तो नगर्न सचेत गराउन पर्यटन विभागलाई लेखिएको ।

१५. राष्ट्रिय वाणिज्य बैंकमा नक्कली निर्यातको कागजात तयार गरी ए.वी.सी. कर्जा प्रवाह गर्दा र नेपाल टेनिङ इण्डष्ट्रिजको धितो परिवर्तन गर्दा अनियमित गरी भ्रष्टाचार गरेको भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा नक्कली निर्यातको कागजात तयार गरी ए.वी.सी. कर्जा प्रवाह गरेको तथ्य नदेखिएको, नेपाल टेनिङ इण्डष्ट्रिजको धितो परिवर्तन सम्बन्धमा २०५१।५।२१ मा राष्ट्रिय वाणिज्य बैंक, रानी शाखाको नाममा कोल्याटरल धितो मालपोत कार्यालय, मोरङबाट पारित गरी सकेको देखिएकोले बैंकको नियम कानून बमोजिम लगानी असूल उपर गरी यस आयोगलाई जानकारी दिन राष्ट्रिय वाणिज्य बैंकलाई लेखिएको ।

१६. फीडर रोड प्रोजेक्टका डाइरेक्टरले ४ वटा गाडी रू. ४५,०००।- प्रति गाडी प्रति महिनाको उच्च दरमा अनावश्यक रूपमा भाडामा लिएको भन्ने समेतको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा एशियाली विकास बैंकको. ऋण सहयोगमा संचालित उक्त आयोजनाका विदेशी परामर्शदातालाई दिने सुविधा अन्तरगत श्री ५ को सरकारद्वारा स्वीकृत भेरिएशन अर्डरमा नै यसको प्रावधान रहेको र गाडी भाडामा लिने कार्य स्वीकृत रकमको परिधिभित्र रही विदेशी परामर्शदातृ संस्था स्वयंले नै गरेको एवं सो संस्थाको लागि स्वीकृत (Out of pocket expenses) नै रू. ७४,९४,५५०।- भएको तुलनामा गाडी भाडाको रकमलाई असामान्य पनि भन्न नसकिने भएको हुंदा सडक निर्माण जस्तो स्वदेशी विशेषज्ञबाटै हुनसक्ने कार्यको निमित्त विदेशी विशेषज्ञ नियुक्त गर्नु पर्ने श्री ५ को सरकारको बाध्यता नै सुधारको विषय भएको देखिएकोले यसमा केही गरिरहनु पर्ने देखिएन ।

१७. पर्सा जिल्ला विकास समितिका सभापतिले विरगञ्ज सदरमुकाममा आफ्नो घर हुंदा हुंदै घर भाडा दिए दिलाएको भन्ने समेतको उजूरीका सम्बन्धमा अनुसन्धान हुंदा लिन नहुने घर भाडा लिएको रू. १६,५००।- नियमानुसार राजस्व खातामा जम्मा गरेको भौचर प्राप्त भइसकेको तथा ५ महिना अगाडि मात्र किनेको गाडी मर्मत गरेको बील बनाई खाएको भन्ने सम्बन्धमा यस कार्यलाई जिल्ला विकास समितिले नै उचित ठहऱ्याई अनुमोदनसमेत गरिसकेको हुंदा यस प्रकारको कार्यलाई बदनियत राखी गरेको भन्नु न्यायसंगत नदेखिएको ।

१८. पोखराको धम्पुस-धितोल खानेपानी आयोजनामा निर्धारित कार्यक्रम अनुसार काम नगरी एउटै योजनालाई भिन्दाभिन्दै देखाई भ्रम उत्पन्न गराएर ल.इ. अंक रू. ६७,३२,११६।- मध्ये रू. १०,८९,०००।- लगानी भइसक्दा पनि एउटै धारो नठडिएकोले

लगानी अनुसारको प्रतिफल नभएकोले भ्रष्टाचार भएको भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुंदा स्वीकृत कार्यक्रममा रहेको कार्य ठेकेदारले सम्पन्न नगरेको अवस्थामा सो ठेक्का तोडी अन्य ठेकेदारबाट सो निर्माण कार्य पूरा गराउनु पर्नेमा ठेक्का नतोडेकै स्थितिमा विनियोजित रकम अन्य निर्माण कार्यमा खर्च गरेको पाइएको हुंदा आफ्नो तोकिएको अधिकार वाहिरको काम कार्यवाही गरे गराएको तथा जिल्लाका सबै योजनाहरूको नियमित निरीक्षण तथा अनुगमनसमेत नगरेको कसूरमा जिल्ला खानेपानी कार्यालय, काभ्रेका तत्कालीन कार्यालय प्रमुख (जिल्ला इन्जिनीयर) आनन्दमोहन लाल दासलाई सचेत गराउन आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखिएको ।

सबै योजनाको सर्वेक्षण गर्ने कर्मचारीले आफू अन्यत्र सरुवा भई जांदा आफ्नो स्थानमा सरुवा भई आउने कर्मचारी हाजिर भइसकेपछि तीनमूलेमा इन्टेक बनाउन चयन गरिएको स्थान देखाई दिनु पर्ने र हालवालाले पनि हेर्न जान् पर्नेमा दुवै पक्षबाट सो काम भएको नपाइएको तथा यसै कारणले पानी नै नभएको मूलमा इन्टेक बन्न गएको हुंदा सर्वेक्षण गर्ने साइट इन्चार्ज राम लाल प्रधान निर्माण स्थलको चयन गर्ने साइट इन्चार्ज धन बहादुर तामाङ, सर्वेक्षण प्रतिवेदन तयार गर्ने एवं निर्माण कार्यको सुपरीवेक्षण समेत गर्ने ओ.सी. राम प्रसाद चौधरीसमेत लाई सचेत गराउन सोही मन्त्रालयलाई लेखिएको ।

यस्तै, क्षेत्रीय निर्देशकको पदमा रहेर आफ्नो क्षेत्रभित्र का योजनाहरूको नियमित अनुगमन तथा निरीक्षण गर्ने दायित्व बोकेका तत्कालीन क्षेत्रीय निर्देशकहरू पोषण नाथ पोपाल र बुद्धि प्रकाश शाहसमेत लाई सचेत गराउनु पर्नेमा नीजहरू हाल सेवानिवृत्त भइसकेकोले केही गर्नु परेन तथापि यस्तो प्रवृत्तिलाई दरूत्साहित गरी नियमित अनुगमन र निरीक्षण गर्नमा क्षेत्रीय निर्देशकहरूलाई सक्रिय पार्नको निमित्त आवश्यक कार्यवाही गर्न सोही मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

यस अतिरिक्त जिल्ला तथा क्षेत्रीय कार्यालयहरूबाट माग नै नभएका आयोजनाहरू सम्बन्धित कार्यालयको जिम्मामा रहने गरी केन्द्रीय स्तरबाट नै अर्थ मन्त्रालयको बजेट पुस्तिकामा समावेश गराउने प्रवृत्ति तथा विनियोजित रकमलाई कार्यक्रम संशोधन नै नगरी अन्य कार्यक्रमहरूमा खर्च गर्ने प्रवृत्ति समेतलाई निरूत्साहित पार्ने तर्फ आवश्यक कार्यवाही गर्न श्री ५ को सरकार एवं राष्ट्रिय योजना आयोगलाई सुझाव पठाइएको ।

१९. स्वास्थ्य सेवा विभाग, आपूर्ति व्यवस्था महाशाखाबाट विदेशी दातृ संस्थाहरूको वित्तीय सहयोगमा संचालित ग्रामिण महिला स्वास्थ्य कार्यक्रम अन्तरगत संचालित स्वयंसेवक

साइनबोर्ड तथा ब्याज तयार पार्न आव्हान गरिएको बोलपत्रको कार्यवाहीमा अनियमितता भएको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुंदा यस विषयमा नियमानुसार सम्पन्न गर्नु पर्ने कार्यक्रमहरू पूरा भएका छन्, छैनन् ? पूरा नभएको भए किन कार्यान्वयन नभएको हो र प्रस्तुत कार्यक्रम पूरा गर्न बांकी भए सो कार्य सम्पन्न गरी यस आयोगमा जानकारी पठाई दिन स्वास्थ्य मन्त्रालयलाई लेखिएको ।

२०. कपिलवस्तु तौलिहवाको कृषि शाखाको प्रशासकीय भवन निर्माणमा न्यून गुणस्तरको काम गरी भ्रष्टाचार भएको भन्ने उजूरी निवेदनकासम्बन्ध मा अनुसन्धान हुंदा गुणस्तरका सम्बन्धमा नमूना परीक्षण नतीजाको आधारमा प्राविधिक विश्लेषण हुंदा सिमेण्टको अनुपात ठीकै भएको, तर सुपरीवेक्षणमा राम्रो ध्यान नपुगेको भन्ने सम्म देखिन आएकोले न्यून गुणस्तरको निर्माण कार्य भएको भनी दावी लिन सकिने स्थिति रहेको देखिएन । तर १६ थान मात्र मंगालहरू बनाई १९ थानको भुक्तानी दिएकोबाट रू. ७,८९५।४२ र नबनेको पानी टैंकीको रू. ८,५६८।- समेत रू. १६,४६३।४२ पैसा भुक्तानी दिनुमा जिल्ला कृषि कार्यालयका प्रमुख राजेश कुमार श्रेष्ठ, भुक्तानीको सिफारिश गर्नेमा सुपरीवेक्षण गर्ने कन्सल्टेण्ट डोम कन्सल्टेन्सीका मैनेजिंग डाइरेक्टर मुक्तिरत्न वज्राचार्य र भुक्तानी लिनेमा ठेकेदार झलकमान श्रेष्ठ जिम्मेवार देखिन आएकोले नभएको कामको भुक्तानी सिफारीश गर्ने कन्सलटेण्ट र भुक्तानी लिने ठेकेदारबाट उपरोक्त रकम कानून बमोजिम असूल गर्ने र असूल नभएमा भुक्तानी दिने जिम्मेवार व्यक्तिहरूबाट विभागीय कार्यवाही गरी कानून बमोजिम असूल गर्न कृषि विभागलाई लेखिएको ।

ार :

नेपाल अधिराज्यको संविधान, २०४७ ले अंगिकार गरेको कानूनी राज्यको अवधारणालाई ील गराउने उद्देश्यले मुलुकमा स्वच्छ प्रशासनको स्थापनामा महत्वपूर्ण जिम्मेवारीको निर्वाह वैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ । यस ले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ समक्ष प्रस्तुत गर्ने र मौसूफबाट त्यस्तो प्रतिवेदन पक्ष राख्न लगाई बक्सने संवैधानिक व्यवस्था अनुरूप आ.व. २०५१।५२को अवधिमा अनुसन्धान त गरी सम्पन्न गरेका र अनुसन्धान जारी रहेका विवरणहरू प्रस्तुत गरिएको छ ।

लुकमा व्यापक रूपमा भ्रष्टाचार भएका जनगुनासाहरू बारम्बार सुन्नमा आउंदछन् भने सञ्चार माध्यममा पनि तत्सम्बन्धि समाचारहरू प्रकाशित हुने गर्दछन् । यस आयोगले यस्ता ो एवं छापामा प्रकाशित समाचारलाई पनि अनुसन्धानको विषय बनाई छानबीन गर्ने ई ।

तथापि यसरी प्राप्त हुने उजुरी एवं जानकारी मात्र पर्याप्त हुन नसक्नुका साथै अनियमितता सम्बन्धि स्पष्ट तथा वस्तुपरक जानकारी यथासमय उपलब्ध गराउने निश्चित प्रकृयासमेत को अभाव भएको कारणले आयोगले केही कठिनाई महसूस गरेको छ । यसको निमित्त विभिन्न संवैधानिक निकायहरू, सरकारी तथा गैह्र सरकारी संस्थाहरू, जनप्रतिनिधिहरू एवं सचेत नागरिकहरूबाट समेत तथ्ययुक्त सूचना प्रवाहको दिशामा सक्दो योगदान प्राप्त हुने अपेक्षा यस आयोगले राखेको छ ।

संवैधानिक दायित्व निर्वाह गर्ने सन्दर्भमा देखा परेका बाधा-व्यवधानहरूको निराकरणका निमित्त विस्तारसारको व्यवस्था हुन वान्छनीय देखिन्छ :

१) सूचना प्रवाहको सन्दर्भमा सम्बद्ध निकायहरूबाट अख्तियारको दुरुपयोग सम्बन्धी विषयहरूको विवरण नियमित रूपमा यस आयोगमा पठाउने व्यवस्था हुन् पर्ने ।

२) प्राप्त जानकारीहरूको तथ्ययुक्त विश्लेषणको निमित्त आवश्यक उपकरणहरूको व्यवस्था हुन् पर्ने ।

३) विशेषज्ञहरूको सेवा निर्बाध रूपमा यस आयोगले प्राप्त गर्न सक्ने व्यवस्था मिलाउन् पर्ने ।

४) अनुसन्धान तहकिकात सम्बन्धि विषयमा आयोगका कर्मचारीहरूलाई समुचित तालीम दिने व्यवस्था हुन् पर्ने ।

विद्यमान व्यवस्था अन्तरगत प्राप्त सूचनालाई नै अनुसन्धानको विषय बनाउँदै सीमित जनशक्ति तथा श्रोतको परिचालनबाट भएको छानबीन र तहकिकातपश्चात देखिन आएको परिणाम यस आयोगले आफ्नो वार्षिक प्रतिवेदनमा प्रकाशित गर्ने गरेको छ ।

तथापि जनतासंग प्रत्यक्ष सम्पर्कमा रही कार्य गर्नु पर्ने प्रशासकीय अधिकारीहरूले आफ्नो कार्य सम्पादनको सन्दर्भमा धेरै व्यक्तिहरूसंग सम्पर्क गर्नु पर्ने हुदा केही व्यक्तिहरू व्यस्त पदाधिकारीहरूसंग सन्तुष्ट नहुनु वा तिनीहरूको कार्य समयमा सम्पादित नहुदा वा तिनीहरूको अपेक्षा विपरित हुदा केही गुनासो आउनु स्वाभाविकै हो । यस अर्थमा आयोगको जानकारीमा आएका वा बाहिर अति मात्रामा भ्रष्टाचार भएको भन्ने कुरा सुनिन्छन् ती सबैमा सत्यता रहेकै हुन्छन् भनी मान्न सकिने स्थिति रहेको हुँदैन ।

यस आयोगलाई भ्रष्टाचारसंग सम्बद्ध विवादमा अनुसन्धान तहकिकात गर्दा भ्रष्टाचार गरेको भन्ने कानूनतः देखिन आएमा मुद्दा दायर गर्न वा गराउन सक्ने संवैधानिक दायित्व रहेको छ । भ्रष्टाचार

आयोगमा एक जना सदस्य र सदस्य सचिव रहने गरी पाँच जना पदाधिकारी रहने व्यवस्था गरिएको छ । यस आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरिएको छ । यस आयोगको कार्यक्षेत्र सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको प्रमुख पदाधिकारीले गर्नुपर्ने कार्यहरू उल्लेख गरिएको छ । यस आयोगको कार्यालयको कर्मचारी सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको खर्च सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको लेखा सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको लेखापरीक्षण सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको प्रतिवेदन सम्बन्धी व्यवस्था गरिएको छ । यस आयोगको कार्यालयको विविध व्यवस्था गरिएको छ ।

यस आयोगको कार्यक्षेत्र सम्बन्धी व्यवस्था अन्तर्गत यस आयोगले सार्वजनिक निकाय, सार्वजनिक पदाधिकारी तथा सार्वजनिक सेवा प्रवाहमा संलग्न व्यक्ति वा संस्थाको भ्रष्टाचार सम्बन्धी कार्यहरू उपर अनुसन्धान तथा अभियोजन गर्ने गरी व्यवस्था गरिएको छ ।

आयोगले सार्वजनिक पदाधारण गरेका व्यक्तिहरुबाट भएका अनियमितता दुरुपयोग तथा त्यस्ता व्यक्ति वा पदाधिकारीको विवरण पनि आफ्नो प्रतिवेदनमार्फत प्रस्तुत गर्दै गरेको छ । यसरी, आयोगले आफ्नो काम कार्यवाहीको सिलसिलामा जानकारीमा आएको तथ्यहरुको आधारमा प्रचलित कानून वा अन्य प्रशासनिक कार्य प्रणालीमा देखिएका त्रुटी एवं अव्यवहारिक परिपाटीलाई सुधार गर्ने सुझाव प्रस्तुत गर्दै गरेको छ । साथै श्री ५ को सरकार वा कुनै संस्थाको पदाधिकारीबाट सतर्कता अपनाउन पर्ने तरिका राजश्व रहन ध्यानाकर्षण एवं सचेत गराउने पनि गरेको छ । तर यस अवधिमा श्री ५ को सरकारले दृढताका साथ कार्यान्वयन गर्दै गरेको छ वा छैन अथवा कुन रूपमा कार्यान्वयन भएको छ, यसको जानकारी (Feedback) आयोगलाई नियमित रूपमा उपलब्ध हुने गरेको पाईदैन । यसरी कार्यान्वयन पक्षतर्फ केही कमी कमजोरी रहेको भए पनि आयोगबाट भए गरेका काम कार्यवाहीबाट मुलुकमा स्वच्छ प्रशासनको स्थापना गर्न र विकास निर्माणका कार्य निर्बाध रूपमा सम्पन्न गर्न गराउन सधाउ पुगिरहेकै अपेक्षा गरिएको छ ।

अन्त्यमा, संवैधानिक दायित्वको निर्वाह गर्ने सन्दर्भमा अख्तियारको दुरुपयोग हुन नदिई मुलुकमा स्वच्छ प्रशासनको स्थापना गरी सार्वजनिक जीवन स्वच्छ, स्वस्थ एवं उद्देश्य मूलक बनाउने कार्यमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग सदा प्रयत्नशील रही भविष्यमा अझ बढी सक्षम हुनेछ भन्ने दृढ आशा एवं विश्वास प्रकट गर्न चाहन्छ ।

प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग तर्फ

सि. नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	प्र.व. उपरीक्षक	१	१	-	
२.	ना. उपरीक्षक	२	१	१	
३.	प्रहरी निरीक्षक	६	२	४	
४.	प्र.ना. निरीक्षक	४	३	रा.अ. स. १, प्रहरी २	
५.	प्र. स. निरीक्षक	१	१	-	
६.	प्रहरी हवल्दार	१	१	-	
७.	प्रहरी जवान	५	४	१	
	जम्मा	२०	१३	७	

काज समूहः- स.स. स्तर १, रा.प. द्वि. श्रेणी २, रा.प. तृतीय श्रेणी १ समेत ४। (आयोगको प्रगति अवस्था र आवश्यकता अनुरूप आयोगले नै छोटो समय अवधिको लागि काज झिकाई काम लगाउन सकिने दरबन्दी सबै रिक्त छन्)।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

दरबन्दी (पूर्ति र रिक्त समेत)

सि.नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	सचिव, विशिष्ट श्रेणी	१	१	-	
२.	सह-सचिव, रा.प. प्रथम श्रेणी (प्र. १, ले. १ प्रा. १, न्याय १)	४	२	२	
३.	उप-सचिव, रा.प. द्वितीय श्रेणी (प्र. ४, ले. २, प्रा. १, न्याय ४)	११	९	२	न्या. को २ पद अस्थायी लेखा. १ पद का.मु.
४.	शाखा अधिकृत, रा.प. तृतीय (प्र. ६, न्या. ४, प्रा. २, ले.१)	१३	९ (प्र. ३, ले. १, प्रा. १, न्या ४)	४	न्यायको ४ पद अस्थायी
५.	ना.सु. रा.प. अनं. प्रथम श्रेणी (प्र. १३, ले. १, न्या. २, प्रा. १)	१७	१४(प्र. १३, न्या. १)	३	
६.	सह-लेखापाल, रा.प. अनं. द्वितीय श्रेणी (प्रा.)	१	१	-	
७.	टे. अप्रेटर, रा.प. अनं. द्वितीय श्रेणी (प्रा.)	१	१	-	
८.	टाइपिष्ट (वेग श्रेणी)	४	४	-	
९	ह. स. चा.	२	२	-	
१०.	तामेल्दार, रा.प. अनं. चतुर्थ श्रेणी	१	१	-	
११.	पियन पाले	११	११	-	
१२.	माली	२	२	-	
१३.	मेहत्तर	२	२	-	
	जम्मा	७०	५९	११	

अनुसूचीहरू

कार्मिकार उत्पादकता अनुसन्धान आयोग

संगठन तालिका

अनुबन्ध १



दरबन्दी तेरीज

क्र.सं.	पद/श्रेणी	प्र.	वि.	प्र.	स.	प्रा.	वि.	जम्मा
१	विशेषज्ञ श्रेणी	१	–	–	–	–	–	१
२	रा.प.प्र.(स.स.स्तर)	४	–	–	–	१	–	५
३	रा.प.अ.	४	२	१	४	२	१	१३
४	रा.प.अ.	६	१	१	२	२	४	१६
५	रा.प.स.अ. प्रथम	११	१	१	४	४	–	२१
६	रा.प.स.अ. द्वितीय	–	१	१	–	१	–	३
७	रा.प.स.अ. तृतीय	–	–	–	–	१	–	१
८	रा.प.अ.सचिव तोमेस्थार	–	–	–	१	–	–	१
९	टाइपिष्ट	४	–	–	–	–	–	४
१०	डाफ्तर	२	–	–	–	–	–	२
११	मिस्त्रीस्तर (प्लम्बर/पाने)	६	–	–	–	४	–	१०
१२	" माली	२	–	–	–	–	–	२
१३	" शर्वापर	२	–	–	–	–	–	२
१४	" टहलुवा	२	–	–	–	–	–	२
	जम्मा	५०	४	६	११	१५	४	६०

खुद्रा स्थाई विभिन्न खर्च – ४

६४

प्रशासनिक चार्टका लागि

मुख्य सचिव - ४ (प्र.१, वि.१, प्रा.१, स्था.१)
उपसचिव - ८ (प्र.२, वि.२, प्रा.१, स्था.३)
रा.प.अ. सुपरीवेक्षक - ८ (प्र.२, प्रा.२, स्था.४)
अ.सु. - ४ (प्र.२, प्रा.१, स्था.१)

२४

उपसचिव	३
अ.अ.	४
रा.प.सु.(लेखा)	१
अ.सु.	६
स्टेनो टाइपिष्टसमेत	
नो.सु.	१
टाइपिष्ट	१
लाइब्रेरियन नो.सु.	१
ना.वे.पा.	१
टाइपिष्ट	१
डाफ्तर	२
ताम्बिदार (अ.)	१
पियन/चाले	६
माली	२
शर्वापर	२
टहलुवा	२
	४४

आ.व. २०५१।५२ को बजेट व्यवस्था

वार्षिक विनियोजन	खर्च		बाँकी			कैफियत
	निकासा	खर्च	निकासा मध्ये	निकास नगरिएको	दुवै	
साधारण: ४८६२०००।-						
अर्च बजेट : ५७५२६६।५६	४४३७२६६।५६	४२८४२२२।११	१५३०४४।४५	१००००००	११५३०४४।४५	तलबमा दरबन्दी अनुसार पदपूर्ति हुन नसकेको ले रू. १०००००।- बचत भएको
कुल बजेट : ५४३७२६६।५६						

आ.ब. २०५१।५२ को राजश्वतर्फ आम्दानी

नक्कल निवेदन दस्तुर वापत जम्मा रू.३५४।- राजश्व आम्दानी भएको छ ।

आ.व. २०५१।५२ को धरौटीतर्फ

गत आ.ब. २०५०।५१ को धरौटी बाँकी रू. १४,४६,६८२।९७ र यस आ.ब. २०५१।५२ मा अनुसन्धानको सिलसिलामा कुनै धरौटी रकम प्राप्त नभएको तथा विभिन्न मितिमा रू. ५५,७४०।- सम्बन्धित व्यक्तिलाई र विभिन्न कार्यालयमा फिर्ता पठाई कुल रू. १३,९०,९४२।९७ धरौटी बाँकी रहेको देखिन्छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

आ.व. २०५१।५२ को निवेदन लगत, फछ्यौंट र बाँकी विवरण

क्र. सं.	सम्बन्धित मन्त्रालय	गत वर्षको जिम्मेवारी		आ.व. ०५१।५२ को उजूरी		जम्मा उजूरी संख्या		फछ्यौंट		बाँकी		फछ्यौंट मध्ये		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	आयोगबाट तामेलीमा रहेको	अदालतमा मुद्धा दायर भएको	सम्बन्धित निकायमा पठाएको
१.	अर्थ मन्त्रालय	१८	-	३८	२	५६	३	३८	-	१८	३	१९	-	१९
२.	आपूर्ति मन्त्रालय	२५	-	११	-	३६	-	२८	-	८	-	८	-	२०
३.	अवास तथा भौ. योजना मन्त्रालय	४०	४	१९	९	५९	१३	५१	९	८	४९	५०	-	१०
४.	उद्योग मन्त्रालय	३४	-	१६	६	५०	६	३१	५	१९	१	३०	१	५
५.	कानून न्याय तथा संसदीय व्य. म.	२	१	८	२	१०	३	१०	२	-	१	९	-	३
६.	कृषि मन्त्रालय	२५	-	२३	२	४८	२	२७	२	२१	-	१५	-	१४
७.	गृह मन्त्रालय	२५	३	३१	-	५६	३	६०	३	२९	-	२६	-	७
८.	जलश्रोत मन्त्रालय	३५	१	१५	४	५०	५	४१	५	९	-	४०	-	१

९.	निर्माण तथा यातायात मन्त्रालय	१०	–	१८	३	२८	३	२४	३	४	–	२०	–	७
१०.	पर्यटन तथा ना. उड्डयन मंन्त्रालय	११	–	–	१	११	१	१	–	१०	१	१	–	–
११.	परराष्ट्र मन्त्रालय	१	–	–	–	१	–	१	–	–	–	१	–	–
१२.	वाणिज्य मन्त्रालय	४	–	–	२	४	२	–	–	४	२	–	–	–
१३.	भूमि सुधार तथा व्यवस्था मन्त्रालय	६२	–	६४	–	१२६	–	६४	–	६२	–	२३	–	४१
१४.	मन्त्रिपरिषद् सचि.	–	–	२	–	२	–	२	–	–	–	–	–	२
१५.	रक्षा मन्त्रालय	–	–	१	–	१	–	–	–	१	–	–	–	–
१६.	वन तथा भू-सं. मं.	५९	–	३६	–	९५	–	४८	–	४७	–	२४	–	२४
१७.	शिक्षा, संस्कृति तथा समाज क. मं.	४४	१५	१२	२५	५६	४०	२९	२२	२७	१८	३४	–	१७
१८.	श्रम मन्त्रालय	–	–	६	–	६	–	३	–	३	–	–	–	३
१९.	सामान्य प्र. मं.	२	–	३	–	५	–	४	–	१	–	२	–	२
२०.	सूचना तथा सं. मं.	१७	–	१२	१	२९	१	१४	१	१५	–	१३	–	२
२१.	स्था. वि. मन्त्रालय	२१	१	५५	२३	७६	२४	४९	२१	२७	३	३६	–	३४
२२.	स्वास्थ्य मन्त्रालय	२८	६	५	२३	३३	२९	२१	१७	१२	१२	१२	–	२५
	जम्मा	४६३	३१	४०५	१०४	८६८	१३५	५४६	९०	३२२	४५	३६१	१	२७४
	कूल उजूरी संस्था	४९४		५०९		१००३		६३६		३६७		६३९		